# अध्याय एक

# शोधपरिचय

## अध्ययनको पृष्ठभूमि

सङ्कथन अभिव्यक्तिको माथिल्लो तथा वाक्यभन्दा माथिल्लो एकाइ हो । भाषाको सिङ्गो भाषिक, अभिव्यक्तिका रूपमा सङ्कथन रहने गर्दछ । यही सिङ्गो एकाइको भाषावैज्ञानिक तवरले अध्ययन गर्ने प्रायोगिक भाषाविज्ञानको नवीनतम शाखाका रूपमा विकसित सिद्धान्त नै सङ्कथन विश्लेषण हो । यसले वाक्यहरूको सिलसिलाबद्ध प्रस्तुतीकरण गर्दछ । सङ्कथन विश्लेषणमा कथ्य र लेख्य भाषाका वाक्यभन्दा माथिल्ला भाषिक एकाइहरूको अध्ययन गर्दछ । कुनै पनि विषयवस्तुको साङ्गोपाङ्ग अभिव्यक्ति सङ्कथन हो । यो अभिव्यक्तिगत समग्रताको प्रकार्यपरक अध्ययनसँग सम्बन्धित विषय हो । सङ्कथनभित्र मूलतः शब्द र अर्थ दुईवटा पक्षहरू स्पष्ट रूपमा आएका हुन्छन् । शब्द संरचनात्मक पक्षसँग सम्बन्धित हुन्छ भने अर्थ सन्दर्भपरक पक्षसँग सम्बन्धित हुन्छ । दुबै पक्षको व्याख्या विश्लेषण सङ्कथन विश्लेषणमा गरिन्छ ।

सङ्कथनलाई मूलतः कथ्य र लेख्य गरी बाँड्न सकिन्छ । कथ्य सङ्कथनअन्तर्गत कुराकानी, गफगाफ, छलफल, वादविवाद, भाषण, कथाकथन, संवाद, प्रवचन आदि पर्दछन् । त्यस्तै लेख्य सङ्कथनमा मुक्तक, हाइकु, निबन्ध, कविता, चिठी, नाटक लगायतका सम्पूर्ण लिप्यात्मक सामग्रीहरू पर्दछन् ।

व्युत्पत्तिगत दृष्टिले सङ्कथनलाई हेर्दा संस्कृतको 'कथ्' धातुमा 'सम्' उपसर्ग र 'अन' परसर्ग गाँसिएर 'सङ्कथन' शब्द निर्माण भएको पाइन्छ । अङ्ग्रेजी भाषाको 'डिस्कोर्स' को नेपाली रूपान्तरण सङ्कथन हो । जसको अर्थ 'टु रन', 'टु रन अन' र 'टु रन टु एण्ड

फर' अर्थात् दौड्नु, दौडिरहनु र अघि पछि गरी दौड्नु भन्ने हुन्छ (घिमिरे, २०६९ : १) । यसरी व्युत्पत्तिगत आधारमा हेर्दा सङ्कथन भनेको कुनै विषयमा बोल्नु भन्ने हुन्छ ।

प्रायोगिक भाषाविज्ञानको शाखाका रूपमा सङ्कथन विश्लेषणलाई लिने गरिन्छ । भाषिक अध्ययन क्षेत्रमा सङ्कथन विश्लेषण सन् १९५० पछि श्री गणेश भई १९६० को दशकपछि द्रुत गतिमा अगाडि बढेको देखिन्छ । पाश्चात्य भाषाविद् जेलिङ एस ह्यारिसले सर्वप्रथम सङ्कथन शब्दको प्रयोग गरेको पाइन्छ (भण्डारी, २०६८ : १७०) । सङ्कथन भन्नाले समग्र कथन भन्ने अर्थ लाग्छ, समग्र कथन कथ्य र लेख्य हुने गर्दछन् ।

नोम चम्स्की (सन् १९८०) अनुसार सङ्कथन सामर्थ्य भनेको भाषिक सामर्थ्यको एउटा अंश हो । नुनान (सन् १९९३ : १५६) का अनुसार "सङ्कथनले सान्दर्भिक सम्प्रेषणीय कथन घटनाको व्याख्यालाई बुझाउँछ" (भुसाल, २०६९ : १६४) । भट्टराई (२०६५ : ५१) का अनुसार "सङ्कथन विश्लेषणका लागि भाषा प्रयोगकर्ताको व्यवहार, त्यो क्षण, त्यो प्रकार्य बढी महत्त्वको हुन्छ ।" इन्साइक्लोपेडिका डिक्सनरी अफ अप्लाइड लिङ्ग्विस्टिक्स (सन् १९९९) अनुसार सङ्कथन विश्लेषण भनेको भाषाको सम्प्रेषणात्मक प्रयोगमा भएका अर्थ उद्देश्य र एकत्व सम्बन्धी ग्रहण कसरी फैलिएका छन् भन्ने कुराको अध्ययन हो ।

सङ्कथन विश्लेषणका खातिर संसक्ति र संयुक्तिलाई आधार बनाइन्छ । कुनै पनि सङ्कथन पूर्ण हुनका लागि उक्त पाठ वा सङ्कथनमा भएका युक्ति संसक्ति र संयुक्ति एक आपसमा संयोजन भएको हुनुपर्दछ । संसक्तिमा बाह्य पक्षको अध्ययन गरिन्छ भने संयुक्तिमा आन्तरिक पक्षको अध्ययन गरिन्छ । प्रस्तुत शोधकार्य 'तस्वीर' कथामा प्रयुक्त संसक्तिले पाठलाई पठनीय र सम्प्रेषणीय बनाउन सकेको छ वा छैन भनी अध्ययन विश्लेषण गरिएको छ । प्रस्तुत शोधमा 'तस्वीर' कथामा प्रयुक्त संसक्तिले पाठलाई जोड्ने सिक्रिको कार्य गरेको

छ वा छैन, संसक्ति निर्माणमा व्याकरणिक र कोशीय संसक्तिको भूमिकाको अध्ययन विश्लेषण गरिएको छ ।

## समस्याकथन

शोध समस्याको समाधान खोज्ने प्रयत्न हो । समस्या पहिचान नगरी शोधकार्य अगाडि बढाउनु सान्दर्भिक मानिँदैन । नीति र अभ्यासका बीचको अन्तर नै समस्या हो । समस्याका आधारमा उद्देश्य निर्माण गरी शोधकार्य अगाडि बढाइने हुँदा समस्यालाई विशिष्टीकरण गर्नुपर्ने हुन्छ ।

प्रस्तुत शोधको मुख्य समस्या प्रायोगिक भाषाविज्ञानको शाखा सङ्कथन विश्लेषणसँग सम्बन्धित रहेको छ । यस शोधको मुख्य समस्या भनेको 'तस्वीर' कथाको सङ्कथन विश्लेषण गर्नु हो । उक्त कथामा संसक्ति र संयुक्तिको प्रयोगगत उपयुक्तता के कस्तो छ ? उक्त कथामा शब्द, पदावली, उपवाक्य, वाक्यका बीचमा के कस्ता युक्तिहरूको प्रयोग गरिएको छ ? जस्ता पक्षको विश्लेषण गर्नु आवश्यक छ । समग्रमा रामलाल जोशीद्वारा रचित 'ऐना' कथासङ्ग्रहभित्रको 'तस्वीर' कथाको सङ्कथन विश्लेषण गरिने प्रस्तुत शोध निम्न समस्यामा केन्द्रित गरिएको छ ।

(क) 'तस्वीर' कथामा के-कस्ता व्याकरणिक संसक्तिहरू प्रयोग भएका छन् ?

(ख) 'तस्वीर' कथामा के-कस्ता कोशीय संसक्तिहरू प्रयोग भएका छन् ?

(ग) 'तस्वीर' कथामा प्रयुक्त संसक्तिहरूले सङ्कथन निर्माणमा के-कस्तो भूमिका निर्वाह गरेका छन् ?

## शोधको उद्देश्य

प्रस्तुत शोधका उद्देश्य निम्नानुसार रहेका छन् :

(क) 'तस्वीर' कथामा प्रयुक्त व्याकरणिक संसक्तिहरूको अध्ययन गर्नु,

(ख) 'तस्वीर' कथामा प्रयुक्त कोशीय संसक्तिहरूको अध्ययन गर्नु,

(ग) 'तस्वीर' कथामा प्रयुक्त संसक्तिहरूले सङ्कथन निर्माणमा खेलेको भूमिका विश्लेषण गर्नु ।

## शोधको औचित्य

प्रस्तुत 'तस्वीर' कथा मदन पुरस्कार प्राप्त 'ऐना' कथासङ्ग्रहभित्रको कथा हो । यसको सङ्कथन विश्लेषण अनुसन्धान कार्य अहिलेसम्म सम्पादन गरिएको छैन । तसर्थ 'तस्वीर' कथा संसक्तिका दृष्टिले के कस्तो छ भनी अध्ययन गर्नु औचित्यपूर्ण रहेको छ । सङ्कथन विश्लेषण शीर्षक नामक अनुसन्धानहरू स्नातकोत्तर तहमा नभएका होइनन् तर ह्यालिडे र हसनको मान्यतामा आधारित रहेर सङ्कथनको सूक्ष्म रूपमा अध्ययन विश्लेषणको अभाव भएकाले यसको औचित्य अझै बढी रहेको छ । पाठ संरचना र प्रयुक्त भाषालाई आधार मानी वस्तुपरक अध्ययन विश्लेषण गरिएको हुनाले यसबाट निस्किएको परिणाम तथ्यपरक रहेको छ । लेखकलाई पनि आफ्नो रचनाको संसक्तिको अवस्था कस्तो छ भन्ने कुराको जानकारी प्राप्त भएको छ । समग्रतः यस अध्ययनबाट लेखक, पाठक, अनुसन्धातालाई साहित्यिक रचना रच्न, पठन गर्न र आगामी दिनमा अन्य लेख, रचनाको सूक्ष्म रूपमा अध्ययन गर्न सहयोग गर्ने भएकाले प्रस्तुत अध्ययन औचित्यपूर्ण रहेको छ ।

## शोधको परिसीमा

अनुसन्धान कार्यलाई विशिष्टीकृत गर्नका लागि, अनावश्यक भार कम गर्नका लागि परिसीमाको खाँचो पर्दछ । तस्वीर कथाको सङ्कथन विश्लेषण गर्दा संसक्तिको अध्ययनमा सीमाङ्कन गरिएको छ । समग्रतः प्रस्तुत शोधका परिसीमाहरू निम्नानुसार रहेका छन् :

(क) प्रस्तुत शोध 'ऐना' कथासङ्ग्रहमा आधारित रहेको छ ।

(ख) प्रस्तुत शोध 'तस्वीर' कथाको विश्लेषणमा केन्द्रित रहेको छ ।

(ग) प्रस्तुत शोध 'तस्वीर' कथामा प्रयुक्त संसक्तिको अध्ययनमा आधारित रहेको छ ।

(घ) प्रस्तुत शोध 'तस्वीर' कथामा प्रयुक्त व्याकरणिक संसक्तिको पहिचान र अध्ययनमा सीमित गरिएको छ ।

(ङ) प्रस्तुत शोध 'तस्वीर' कथामा प्रयुक्त कोशीय संसक्तिको पहिचान र अध्ययनमा केन्द्रित रहेको छ ।

(च) प्रस्तुत शोध 'तस्वीर' कथामा प्रयुक्त संसक्तिले सङ्कथन निर्माणमा खेलेको भूमिकाको विश्लेषणमा केन्द्रित रहेको छ ।

## शोधको रूपरेखा

प्रस्तुत शोधको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

अध्याय तीन : अनुसन्धान विधि र प्रक्रिया

अध्याय चार : व्याख्या तथा विश्लेषण

अध्याय पाँच : निष्कर्ष र उपादेयता

सन्दर्भ सामग्रीसूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

## पूर्वकार्यको पुनरावलोकन

अनुसन्धानका सिलसिलामा अनुसन्धाताले सम्बन्धित विषयमा त्यसमाथि सम्पन्न गरिएका कार्यहरू पुस्तक, पत्रपत्रिका, लेख, शोध प्रबन्ध, प्रतिवेदन आदिको व्यवस्थित रूपमा अध्ययन गरी ती कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो (बन्धु, २०६५ : २८) । सामान्यतया पूर्वकार्यको पुनरावलोकनले समस्यालाई स्पष्ट रूपमा परिभाषित गर्नु, अनुसन्धानको औचित्य प्रस्ट पार्नु, उपयुक्त अनुसन्धन विधि छनोट गर्नु, तथ्याङ्क सङ्कलन र विश्लेषण प्रक्रियामा निर्णय गर्न ठोस आधार प्रदान गर्दछ । सङ्कथन विश्लेषण प्रायोगिक भाषाविज्ञानको नवीन शाखा हो । यस कार्यको सुरुवात सन् १९५२ मा जेलिङ ह्यारिसबाट भएको देखिन्छ । सङ्कथन विश्लेषण सम्बन्धी हालसम्म विभिन्न अनुसन्धाताहरूले अध्ययन अनुसन्धान गरेको पाइन्छ । यस विषयसँग सम्बन्धित विभिन्न पुस्तक, लेख र शोधपत्रको पुनरावलोकन निम्नानुसार रहेका छन् :

पूर्वकार्यको पुनरावलोकन गर्ने क्रममा विभिन्न विद्वान्हरूद्वारा प्रकाशित गरिएका सङ्कथन विश्लेषणसम्बन्धी केही पुस्तक तथा लेखहरू निम्नानुसार रहेका छन् :

भट्टराई (२०६२) द्वारा सम्प्रेषणमा ‘सङ्कथन विश्लेषण एक प्रारम्भिक परिचय’ नामक लेख प्रकाशित गरी सङ्कथनको सैद्धान्तिक अध्ययनमा जोड दिएका छन् । उक्त लेखमा धेरै वाक्यहरूले बनेको भाषाको विधान नै सङ्कथन हो जसलाई विचारका आधारमा जोडेर बुझ्न सकिन्छ भन्ने उल्लेख गरेको पाइन्छ । उक्त लेखले प्रस्तुत शोधको सैद्धान्तिक आधार निर्माणमा आंशिक सहयोग पुऱ्याउने अपेक्षासहित अध्ययनको आधार बनाइएको छ ।

लम्साल र अन्य (२०६३) द्वारा *प्रायोगिक भाषाविज्ञान* पुस्तकमा सङ्कथन विश्लेषणका बारेमा चर्चा गरिएको छ । उक्त पुस्तकमा लिखित र मौखिक दुबै भाषामा सङ्कथन हुन सक्ने कुराको चर्चा गर्दै यस्ता लिखित र मौखिक भाषाका वाक्यहरूले कसरी अनुच्छेद, संवाद, अन्तर्वार्ता आदि बृहत्तर  सार्थक एकाइ निर्माण गर्दछन् भन्ने कुरालाई प्रस्तुत गरिएको छ । उक्त पुस्तकले प्रस्तुत शोधको सैद्धान्तिक आधार निर्माणमा आंशिक सहयोग पुऱ्याउने अपेक्षा सहित अध्ययनको आधार बनाइएको छ ।

जैसी (२०६४) द्वारा *तीनघुम्ती उपन्यासको सङ्कथन विश्लेषण* शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त शोधपत्रमा सङ्कथनको एउटा युक्ति सम्बद्धकको विश्लेषणको आधार तयार गर्ने उद्देश्य राखिएको छ । पुस्तकालयीय विधि छनोट गरिएको उक्त शोधमा विश्वेश्वरप्रसाद कोइरालाको ‘तीनघुम्ती’ उपन्यास प्राथमिक स्रोतका रूपमा र सङ्कथनसँग सम्बन्धित अन्य लेखहरू द्वितीयक स्रोतका रूपमा प्रयोग गरिएको छ । उक्त शोधमा उपन्यास सम्बद्धकका दृष्टिले उपयुक्त रहेको र शोधमा सम्बद्धनको विश्लेषण गरिएको छैन भन्ने निष्कर्ष निकालिएको छ । उक्त शोधले प्रस्तुत शोधमा संसक्तिको पहिचान गर्नमा सहयोग पुग्ने अपेक्षा गर्दै अध्ययनको आधार बनाइएको छ ।

अधिकारी (२०६७) द्वारा *सामाजिक र प्रायोगिक भाषाविज्ञान* नामक पुस्तकमा सङ्कथन विश्लेषणको बारेमा सैद्धान्तिक चर्चा गरिएको छ । यसमा सङ्कथनको सैद्धान्तिक रूप सङ्कथनमा अन्तर्निहित सम्बद्धक र सम्बद्धनको चर्चा गरिएको छ । साथै यसमा सम्बद्धकका प्रकारलाई पनि छुट्याइएको छ र यसमा उनीद्वारा सङ्कथनका तत्त्वहरू प्रस्तोता, बोद्धा, मार्ग, सूचनाको स्वरूप, शीर्षक, कोड, परिवेशका आधारमा सङ्कथनको महत्त्व उल्लेख गरिएको छ । उक्त पुस्तकले प्रस्तुत शोधको सैद्धान्तिक आधार निर्माणमा आंशिक सहयोग पुऱ्याउने अपेक्षा सहित अध्ययनको आधार बनाइएको छ ।

पोखेल (२०६८) द्वारा *एकान्त कथाको सङ्कथन विश्लेषण* शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त शोधमा 'एकान्त' कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको पहिचान गर्नु र त्यसको उपयुक्तता केलाउनु जस्ता उद्देश्य राखिएको छ । उक्त शोधमा अध्ययनलाई पूर्णता दिन पुस्तकालयीय अध्ययन विधिलाई प्रयोग गरिएको छ । अध्ययनमा कुनै पनि पाठको विश्लेषणमा घटनाको उच्च रैखिक निरन्तरता नभए पनि त्यहाँको पृष्ठभूमि र परिवेशको आधारमा वैचारिक अन्तः सूत्रको निरन्तरतालाई पहिल्याउन सकिन्छ भन्ने निष्कर्ष निकालिएको छ । सम्बद्धकको पहिचान गरी विश्लेषण गरिएको उक्त शोधपत्रले प्रस्तुत शोधपत्रलाई तयार गर्न सहयोग गर्ने अपेक्षा राखी अध्ययनको आधार बनाइएको छ ।

भण्डारी र अन्य (२०६८) द्वारा *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम* नामक पुस्तकमा सङ्कथन विश्लेषणको परिचय सहित विभिन्न विद्वान्का परिभाषा समेत उल्लेख गरिएको छ । सैद्धान्तिक अवधारणा दिने क्रममा रिचर्डसन र अन्यले सङ्कथनका बारेमा उत्पादन र प्रक्रिया गरी दुई किसिमका अवधारणा रहेको कुरा उल्लेख गरेका छन् । उक्त पुस्तकमा सङ्कथन विश्लेषणको विकासक्रममा प्रतीक विज्ञान, समाज, भाषाविज्ञान, मनोभाषाविज्ञान, आख्यान विज्ञान, प्रकरणार्थ विज्ञान आदिले पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको कुरा उल्लेख गरिएको छ । सम्बद्धकले उत्तेजनाअनुसारको प्रतिक्रिया दिने, स्पष्टीकरण दिने, तुलना गर्ने, एक अर्काको अनुक्रम  मिलाउने जस्ता कुरामा भूमिका खेल्ने कुरा उल्लेख गरिएको छ । वैचारिक सिलसिलामा जोड्ने अन्तः सूत्र भाषिक घटनाको कार्यकारण सम्बन्ध जनाउने, अभिव्यक्तिको आन्तरिक र परिवेशीय पक्षलाई समेत जनाउने स्थानिक र कालिक अनुक्रम्क एवम् विशेष सामान्य, सामान्य विशेष सम्बन्धगत जस्ता पक्षहरूलाई समेटेको कुरा बताइएको छ । उक्त पुस्तकले प्रस्तुत शोधको सैद्धान्तिक आधार निर्माणमा आंशिक सहयोग पुऱ्याउने अपेक्षा सहित अध्ययनको आधार बनाइएको छ ।

भट्टराई (२०६९) द्वारा *परालको आगो कथाको सङ्कथन विश्लेषण* शीर्षकमा शोधकार्य तयार गरिएको पाइन्छ । उक्त अध्ययनमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार तयार पार्नु, कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको पहिचान गरी तिनको स्थिति केलाउनु, सम्बद्धक र सम्बद्धनका दृष्टिले कथाको उपयुक्तता निर्क्योल गर्नु जस्ता उद्देश्य निर्धारण गरी शोधपत्र तयार पारेको पाइन्छ । उक्त शोधपत्रमा पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरी, खोजविधि र छलफल विधिको प्रयोग गरी छ अध्यायमा शोधपत्र तयार गरिएको छ । उक्त शोधमा सबैभन्दा बढी निपात सम्बद्धकको प्रयोग र सबैभन्दा कम अनुक्रमबोधक सम्बद्धकको प्रयोग भएको निष्कर्ष निकालिएको छ । उक्त शोधकार्यले प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि सहयोग पुऱ्याउने  अपेक्षा सहित अध्ययनको आधार बनाइएको छ ।

भुसाल (२०६९) द्वारा *सम्प्रेषण* मा सङ्कथन विश्लेषण : सम्बद्धक र सम्बद्धन भन्ने लेखमा सङ्कथन विश्लेषणलाई अभिव्यक्तिगत समग्रताको कार्यपरक अध्ययनसँग सम्बन्धित विषयकका रूपमा चिनाउँदै यसमा व्याकरणिक पक्षलाई नहेरी भाषिक प्रस्तुति र त्यसको प्रकार्यको विश्लेषण गरिने बताएका छन् । त्यस्तै सोही लेखमा उनले सङ्कथनमा महत्त्वपूर्ण युक्तिका रूपमा सम्बद्धक र सम्बद्धनको व्यापक चर्चा गरेका छन् । यसले प्रस्तुत अध्ययनलाई मार्गदर्शन प्रदान गरेको छ ।

लामिछाने (२०७०) द्वारा *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम* नामक पुस्तकमा सङ्कथन विश्लेषण सम्बन्धमा चर्चा भएको पाइन्छ । जसमा सम्प्रेषणात्मक क्षमता भएको वाक्यभन्दा माथिल्लो समग्र अभिव्यक्तिको वस्तुपरक विश्लेषणलाई नै सङ्कथन विश्लेषण भनिन्छ भन्ने कुरा उल्लेख गर्दै सङ्कथनका प्रकार (कथ्य र लेख्य) सम्बद्धन र सम्बद्धकको भूमिका, सङ्कथनका तत्त्वहरू तथा भाषा शिक्षणमा यसको उपयोग जस्ता कुराहरू उल्लेख गरिएको पाइन्छ । त्यसकारण प्रस्तुत पुस्तकलाई शोधसामग्रीका रूपमा लिइएको छ ।

शर्मा (२०७०) द्वारा *मधुमालतीको कथा कथाको सङ्कथन विश्लेषण* शीर्षकमा शोधकार्य भएको छ । उक्त शोधकार्यमा सङ्कथनको सैद्धान्तिक अवधारणा प्रस्तुत गर्नु, कथामा प्रयुक्त सम्बद्धकहरूको पहिचान गर्नु, सम्बद्धक र सम्बद्धनका दृष्टिले 'मधुमालतीको कथा' कथाको सङ्कथन विश्लेषण गर्नु जस्ता उद्देश्य रहेका छन् । प्राथमिक स्रोतका रूपमा मधुमालतीको कथा र सङ्कथनसम्बन्धी लेख, अनुसन्धान कार्यहरू र सम्बन्धित पुस्तकहरूलाई द्वितीयक स्रोत सामग्रीका रूपमा उपयोग गरिएको छ । सम्बद्धकका आधारमा विश्लेषण गर्दा सबैभन्दा बढी निपात र प्रथम पुरुषको प्रयोग भएको निष्कर्ष निकालिएको छ । त्यस्तै सम्बद्धनको दृष्टिले सबैभन्दा बढी अनुक्रमबोधक सम्बद्धन र कार्यकारण सम्बन्ध रहेको र कुनै कुनै वाक्यमा एकभन्दा बढी सम्बद्धनको उपस्थिति रहेको निष्कर्ष निकालिएको छ । सम्बद्धक र सम्बद्धनका बारेमा अध्ययन विश्लेषण गरिएको उक्त शोधपत्रले प्रस्तुत शोधपत्रको संसक्ति पहिचानमा सहयोग पुऱ्याउने अपेक्षा सहित अध्ययनको आधार बनाइएको छ ।

पौडेल र पोखेल (२०७१) द्वारा *सङ्कथन विश्लेषण सिद्धान्त र प्रयोग* नामक पुस्तकमा सङ्कथन र सङ्कथन विश्लेषणको परिचय, त्यसको क्षेत्र, पृष्ठभूमि र विकास, सङ्कथनका प्रकारहरूमा कथ्य, लेख्य र साङ्केतिक सङ्कथन उल्लेख गरिएको छ । उनले विशेष प्रकारका सङ्केतका माध्यमबाट गरिने अभिव्यक्तिलाई साङ्केतिक सङ्कथन भनेर चिनाएका छन् । सङ्केतहरू शाब्दिक र अशाब्दिक गरी दुई प्रकारका हुने र साङ्केतिक अभिव्यक्तिमा पनि पूर्ण अभिव्यक्ति हुने भएकाले यो पनि सङ्कथनको एउटा प्रकार हो भनी उल्लेख गरेको पाइयो । त्यस्तै सङ्कथन विश्लेषणका अध्ययन पद्धतिहरू, सङ्कथनका तत्त्वहरू सहित सङ्कथनका युक्तिहरू समेत उल्लेख गरी विस्तारित चर्चा गरेका छन् भने सम्बद्धक र सम्बद्धनका आधारमा 'एकान्त' कथाको विश्लेषण, 'एकान्त' कथाको सन्दर्भपरक विश्लेषण समेत गरी सङ्कथन विश्लेषणको व्यावहारिक अध्ययनमा जोड दिएका छन् । उक्त

पुस्तकले प्रस्तुत शोधको सैद्धान्तिक आधार निर्माणमा आंशिक सहयोग पुऱ्याउने अपेक्षा सहित अध्ययनको आधार बनाइएको छ ।

भट्ट (२०७१) द्वारा *भलादमी निबन्धको सङ्कथन विश्लेषण* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यको उद्देश्यका रूपमा सम्बद्धक र सम्बद्धनको पहिचान गर्नु र सम्बद्धक र सम्बद्धनका दृष्टिले निबन्धको उपयुक्तता केलाउनु रहेका छन् । उक्त अध्ययनमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । निबन्धमा प्रयुक्त सम्बद्धक र सम्बद्धनको खोजी गर्दा व्याकरणिक सम्बद्धकअन्तर्गतका पुरुषवाचक सार्वनामिक सम्बद्धक तथा स्थानिक र संयोजक सम्बद्धकहरूको तुलनात्मक रूपमा बढी प्रयोग भएको छ र कोशीय सम्बद्धक अन्तर्गतका विपरीतार्थी र समावेशक समावेश्य सम्बद्धकहरूको न्यून मात्रामा प्रयोग भएको पाइन्छ । यसैगरी निर्दिष्ट निबन्धको विश्लेषण गर्दा त्यसमा समाविष्ट विचारको अन्तः शृङ्खलालाई जोड्नका लागि प्रश्नोत्तर सम्बद्धन बाहेक सबैजसो सम्बद्धनको प्रयोग भएको उल्लेख गर्दै सम्बद्धक र सम्बद्धनका दृष्टिले निबन्ध उपयुक्त रहेको निष्कर्ष निकालिएको छ । यस अध्ययन प्रतिवेदनले प्रस्तुत शोधपत्रको संसक्ति पहिचान गरी विश्लेषण गर्नमा सघाउ पुऱ्याउने अपेक्षा सहित अध्ययनको आधार बनाइएको छ ।

रेग्मी (२०७१) द्वारा *श्वेतभैरवी कथाको सङ्कथन विश्लेषण* शीर्षकमा अध्ययन गरिएको छ । सङ्कथन विश्लेषणको सैद्धान्तिक अवधारणाको परिचय दिनु, सम्बद्धक र सम्बद्धनका दृष्टिले उक्त कथाको उपयुक्तता निर्क्योल गर्नु जस्ता उद्देश्य राखी शोधपत्र तयार गरेका छन् । पुस्तकालयीय अध्ययनमा आधारित रहेर यस सङ्कथन विश्लेषणमा ह्यालिडे र हड्सन (१९७६) ले प्रस्तुत गरेको सैद्धान्तिक अवधारणालाई विश्लेषणको आधार बनाइएको छ । यसमा सम्बद्धक र सम्बद्धनको भूमिकाको आधारमा प्रस्तुत कथाको सङ्कथन विश्लेषण गरेका छन् । उक्त कथा सम्बद्धक र सम्बद्धनका दृष्टिले उपयुक्त रहेको निष्कर्ष प्रस्तुत गरेका

छन् । यस अध्ययनले संसक्ति पहिचान गरी विश्लेषण गर्नमा सहयोग पुऱ्याएकाले अध्ययनको आधार बनाइएको छ ।

भट्ट (२०७२) द्वारा *आषाढको पन्ध्र निबन्धको सङ्कथन विश्लेषण* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यको उद्देश्यका रूपमा सम्बद्धक र सम्बद्धनको पहिचान गर्नु र सम्बद्धक र सम्बद्धनको प्रयोगका दृष्टिले निबन्धको उपयुक्तता केलाउनु रहेको छ । पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरी उक्त शोधपत्र तयार भएको छ । सम्बद्धक प्रयोगका दृष्टिले निबन्ध पूर्ण सन्तुलित भने छैन तथापि आवश्यकताअनुसार सम्बद्धक प्रयोग गरिएकाले उपयुक्त नै छ, त्यस्तै कतिपय अवस्थामा दुई वाक्य तथा अनुच्छेदका बीचमा एकभन्दा बढी सम्बद्धनको प्रयोग भएको छ । अर्थगत अन्विति र वैचारिक अन्तः सूत्रको निरन्तरताको निबन्धलाई सम्प्रेषणीय बनाएको छ भन्ने निष्कर्ष उक्त शोधपत्रमा प्रस्तुत गरिएको छ । उक्त शोधपत्रले प्रस्तुत शोधका सबै समस्या समाधान गर्ने अपेक्षा गर्दै शोधलाई अध्ययनको आधार बनाइएको छ ।

भट्ट (२०७२) द्वारा *कुकर्मले सीमा नाघेपछि कथाको सङ्कथन विश्लेषण* शीर्षकमा शोधकार्य भएको छ । उक्त शोधकार्यको उद्देश्यका रूपमा सम्बद्धक र सम्बद्धनको पहिचान गर्नु र सम्बद्धक र सम्बद्धनको प्रयोगका दृष्टिले कथाको उपयुक्तता केलाउनु रहेको छ । अध्ययन विधिका रूपमा पुस्तकालयीय अध्ययन विधिलाई प्रयोग गरिएको छ । उक्त शोधपत्रमा सम्बद्धकका आधारमा विश्लेषण गर्दा कालिक, पुनरावृत्ति, प्रतिस्थापन, संयोजक, लोप सम्बद्धकको बढी प्रयोग गरिएको छ भने सम्बद्धनका दृष्टिले सबैभन्दा धेरै अनुक्रमबोधक सम्बन्धको प्रयोग गरिएको छ । सम्बद्धक र सम्बद्धनको पहिचान गरी निर्दिष्ट कथामा तिनको उपयुक्तता केलाइएको उक्त शोधपत्रले प्रस्तुत शोधका (क) र (ख) का

समस्या समाधान गर्ने अपेक्षा गर्दै उक्त शोधलाई अध्ययनको आधारमा बनाइएको छ ।

कार्की (२०७४) द्वारा *साबिती उपन्यासको सङ्कथन विश्लेषण* शीर्षकमा शोध तयार गरिएको छ । उक्त शोधमा ह्यालिडे र हड्सनको आधारलाई विश्लेषणको आधार मानेर अध्ययन गरिएको छ । उक्त शोधमा सम्बद्धकहरू पहिल्याउनु र सम्बद्धनको विश्लेषण गर्नु जस्ता उद्देश्य राखिएको छ । पुस्तकालयीय अध्ययनबाट तयार गरिएको उक्त शोधपत्रमा प्राथमिक स्रोतका रूपमा 'साबिती' उपन्यासलाई लिइएको छ भने द्वितीयक स्रोतका रूपमा सङ्कथनसँग सम्बन्धित अन्य सामग्रीलाई आधार बनाइएको छ । ह्यालिडे र हड्सनका मान्यताका आधारमा तयार गरिएको उक्त शोधमा सम्बद्धक र सम्बद्धनको प्रयोग प्रचुर मात्रामा भएको पाइन्छ । यसरी यस शोधअध्ययनले मेरो अध्ययनमा संसक्ति पहिचानका लागि आधार प्रदान गरेको छ ।

तिवारी (२०७४) द्वारा *राष्ट्रियताको ज्योति हुलाक घर* निबन्धको सङ्कथन विश्लेषण' शीर्षकमा शोध तयार गरिएको छ । उक्त शोध निबन्धमा प्रयुक्त सम्बद्धक र सम्बद्धनका आधारमा विश्लेषण गर्नु र सम्बद्धक र सम्बद्धनको अध्ययन गर्नु भनी उद्देश्यका साथ तयार गरिएको छ । पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरी प्राथमिक स्रोतका रूपमा 'राष्ट्रियताको ज्योति हुलाक घर' निबन्ध र द्वितीय स्रोतका रूपमा सम्बद्धक र सम्बद्धनसँग सम्बन्धित सामग्रीहरूलाई प्रयोग गरिएको छ । उक्त अध्ययनमा स्थानिक, सर्वनामिक, कालिक, संयोजन र निपात सम्बद्धकहरूको अत्यधिक मात्रामा प्रयोग गरिएको, कोशीय सम्बद्धक उल्लेख्य मात्रामा प्रयोग नगरिएको, विचारको अन्तः शृङ्खला जोड्नका लागि आज्ञार्थक, प्रश्नार्थक स्मरणको सम्बन्धजस्ता सम्बद्धनको प्रयोग गरिएको छ । यस अध्ययनले मेरो शोधपत्रलाई संसक्तिको पहिचान र विश्लेषण  गर्नमा सहयोग पुऱ्याएकाले अध्ययनको आधार बनाइएको छ ।

भुसाल (२०७५) द्वारा ‘माध्यमिक तहका नेपाली आख्यानात्मक विधाको सङ्कथन’ शीर्षकमा विद्यावारिधि तहको शोधप्रबन्ध तयार गरिएको छ । उक्त शोध सङ्कथन विश्लेषणको सैद्धान्तिक प्रतिमान निर्माण गर्नु, माध्यमिक तहका नेपाली आख्यानात्मक विधाहरूको संसक्तिपरक अध्ययन गर्नु, उक्त तहका आख्यानात्मक विधाहरूको संयुक्तिपरक अध्ययन गर्नु र आख्यानात्मक विधाका पाठहरूको शैक्षणिकता विश्लेषण गर्नु लगायतका उद्देश्य साथ तयार गरिएको छ । उक्त अनुसन्धान गुणात्मक अनुसन्धान विधिमा आधारित रहेको छ । उक्त अनुसन्धानमा पुस्तकालयीय अध्ययन विधिको माध्यमबाट सोद्देश्यमूलक तरिकाले सामग्रीहरूको सङ्कलन गरिएको पाइन्छ । उक्त शोध ह्यालिडे र हसनको सङ्कथन विश्लेषणको सिद्धान्तमा आधारित भएर गरिएको पाइन्छ । उक्त अध्ययनको निष्कर्षका रूपमा व्याकरणिक र कोशीय संसक्ति तथा कोशीय संसक्तिअन्तर्गत पुनरुक्ति र सन्निधान सिद्धान्तको प्रयोग गरिएको छ । माध्यमिक तहका आख्यानात्मक विधालाई अर्थतात्विक सिलसिलामा अन्वितिपूर्ण तुल्याउने कार्यमा संयुक्ति युक्तिले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको, सबैभन्दा बढी ‘शिशिर र बसन्त’ कथामा अन्तर्वाक्यीय संयुक्ति सम्बन्धहरूको प्रयोग व्यवहार भएको, अवस्थालाई दृष्टिगत गर्दा शिशिर र वसन्तको कथामा सन्दर्भन संसक्ति, भविष्य निर्माण कथामा प्रतिस्थापन संसक्ति, न्यायको पक्ष कथामा विलोपन संसक्ति र शिशिर र वसन्तको कथामा संयोजन संसक्ति अधिक प्रयोग भएको कुरा निष्कर्ष निकालिएको छ । उक्त शोधप्रबन्धले यस अध्ययनमा व्याकरणिक संसक्ति र कोशीय संसक्ति पहिचान गर्नमा सहयोग गर्ने अपेक्षा सहित अध्ययनको आधार बनाइएको छ ।

समग्रमा भन्नुपर्दा सङ्कथन विश्लेषणसँग सम्बन्धित रहेर थुप्रै अध्ययनहरू भएका छन् । अहिलेसम्म भएका सङ्कथन विश्लेषणसँग सम्बन्धित शोधकार्यहरू कथा, उपन्यास, निबन्ध आदि विधासँग सम्बन्धित रहेका छन् । प्रस्तुत शोधकार्य ‘तस्वीर’ कथाको सङ्कथन

विश्लेषणसँग सम्बन्धित रहेको छ । 'तस्वीर' कथाको सङ्कथन विश्लेषणले सङ्कथन विश्लेषणको क्षेत्रलाई झन व्यापकता प्रदान गरेको छ ।

**पुनरावलोकनको उपादेयता**

'तस्वीर' कथाको सङ्कथन विश्लेषण शीर्षकका लागि गरिएको पूर्वकार्यको पुनरावलोकनले यस शोधलाई सैद्धान्तिक अवधारणा निर्माण र संसक्तिको अध्ययन गरी तिनको भूमिकाको विश्लेषण गर्नमा सहयोग पुऱ्याएको छ । पूर्वकार्य भनेको प्रस्तुत शोधभन्दा पहिले गरिएका शोधसँग सम्बन्धित कार्य भन्ने बुझिन्छ । यसमा शोधसँग सम्बन्धित पुस्तक, लेख, अध्ययन प्रतिवेदनहरूको अध्ययन गरिन्छ । शोधसँग सम्बन्धित पुस्तकबाट सैद्धान्तिक अवधारणा निर्माण गर्न सहयोग पुग्ने र अध्ययन प्रतिवेदनबाट संसक्तिको अवधारणा निर्माण गरी संसक्ति पहिचान गरी तिनको भूमिका विश्लेषण गर्न सघाउ पुऱ्याउने देखिन्छ । समग्रमा पूर्वकार्यको पुनरावलोकनले प्रस्तुत 'तस्वीर' कथाको सङ्कथन विश्लेषण कार्य गर्न सहजता प्रदान गर्दछ । प्रस्तुत शोधमा व्याकरणिक संसक्ति र कोशीय संसक्तिको पहिचान गर्नमा अझै बढी टेवा पुऱ्याउने देखिन्छ । पूर्वकार्यको पुनरावलोकनले आफ्नो शोधप्रस्तावको समस्या नयाँ छ कि छैन भनी पहिचान र निर्क्योल गर्न सघाउ पुऱ्याएको छ ।

## सैद्धान्तिक अवधारणा

**सङ्कथनको परिचय**

'सङ्कथन' शब्दको शब्दिक अर्थ समग्र कथन भन्ने हुन्छ । यो वाक्यभन्दा माथिल्लो भाषिक उच्चारण हो । वक्ताले भनेको कुरा श्रोताले बुझ्यो भने त्यहाँ सङ्कथन हुन्छ, नत्र सङ्कथन हुन सक्दैन । अझभन्दा सङ्कथन हुनका लागि वक्ता र श्रोताको प्रत्यक्ष र अप्रत्यक्ष रूपमा उपस्थिति रहनु अनिवार्य हुन्छ । सङ्कथन पनि कथ्य र लेख्य गरी दुई प्रकारका छन् । कथ्य सङ्कथनमा वक्ता र श्रोताको तत्काल उपस्थिति अनिवार्य रहने गर्दछ भने लेख्य

सङ्कथनमा वक्ता र श्रोताको तत्काल उपस्थिति रहँदैन । कथ्य सङ्कथनअन्तर्गत कुराकानी, भाषण, संवाद, छलफल आदि पर्दछन् । त्यस्तै लेख्य सङ्कथनमा निबन्ध, कथा, नाटक, चिठी, कविता आदि साहित्यिक विधाहरू पर्दछन् ।

सङ्कथनमा संसक्ति र संयुक्तिको भूमिका पनि महत्त्वपूर्ण हुने गर्दछ । संसक्ति पाठमा प्रयुक्त भाषाको बाह्य व्याकरणिक र कोशीय पक्षसँग सम्बन्धित छ । त्यस्तै संयुक्ति पाठमा प्रयुक्त वाक्यको अन्तरिक वा भित्री आर्थी पक्षसँग सम्बन्धित रहेको छ । यी दुबै संसक्ति र संयुक्तिको अभावमा पाठ साङ्कथनिक दृष्टिकोणले अधुरो ठानिन्छ ।

यसर्थ सङ्कथन भनेको त्यस्तो उच्चार हो जसमा  वक्ता, श्रोता र विषय अपेक्षित हुन्छ । सङ्कथनलाई संरचनापरक तथा सन्दर्भपरक दुई रूपबाट परिभाषित गरिएको पाइन्छ । संरचनापरक परिभाषाअन्तर्गत सङ्कथनलाई वाक्यभन्दा माथिल्ला तहको भाषिक प्रयोगका रूपमा लिइएको छ भने सन्दर्भपरक परिभाषाअन्तर्गत खास सन्दर्भमा भएको भाषाको प्रयोग वा वास्तविक भाषिक प्रयोगका रूपमा लिइएको पाइन्छ । तसर्थ सङ्कथनलाई वाक्यको संरचनात्मक पक्ष र प्रयोगगत पक्षको समग्र रूपका रूपमा लिइन्छ । सङ्कथनका सन्दर्भमा हेर्दा वक्ताले कुनै भनाइ, विचार वा वाक्य भन्यो तर त्यो भनाइ, विचार वा वाक्यको आशयलाई श्रोता, पाठक वा दर्शकले बोध गर्न नसकेमा सङ्कथन हुन सक्दैन ।

समग्रमा सङ्कथनलाई वाक्यभन्दा माथिल्लो आफैँमा पूर्ण र अर्थयुक्त, बोधगम्य उच्चारका रूपमा चिनिन्छ । सङ्कथन हुनका लागि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा वक्ता र श्रोताको अनिवार्य उपस्थिति आवश्यक हुन्छ । कथ्य सङ्कथनमा शिक्षित वक्ता श्रोता हुनैपर्छ भन्ने छैन तर लेख्य सङ्कथनमा शिक्षित वक्ता र श्रोताको अनिवार्यता रहन्छ । कतिपय अवस्थामा कथ्य र लेख्य सङ्कथनका अलवा साङ्केतिक सङ्कथनको माध्यमको पनि प्रयोग गरिन्छ ।

## सङ्कथन विश्लेषणको परिचय

प्रायोगिक भाषाविज्ञानको नवीनतम शाखाका रूपमा सन् १९६० को दशकमा मात्र विकसित भाषाविज्ञानका शाखाको रूपमा सङ्कथन विश्लेषणलाई चिनिन्छ । वाक्यभन्दा माथिल्ला भाषिक एकाइको अध्ययन विश्लेषण गर्ने कार्य सङ्कथन विश्लेषणमा गरिन्छ । यसमा कथ्य भाषा, लेख्य भाषा र साङ्केतिक भाषामा भएका अभिव्यक्तिहरूको अध्ययन हुन्छ र कथ्य र लेख्य वा साङ्केतिक स्तरमा प्रयोग हुने प्रयुक्तिहरूको समायोजन यस्ता सङ्कथनमा कसरी हुन्छ र भएको छ, त्यसको अध्ययन विश्लेषण हुन्छ ।

सङ्कथन विश्लेषण गर्दा गफ, कुराकानी, छलफल, विवाद, वाक्य, अनुच्छेद, परिच्छेद, कथा, कविता आदि कथ्य-लेख्य सामग्रीको विश्लेषण गरिन्छ । यी सामग्रीहरूको विश्लेषण गर्दा संसक्ति र संयुक्तिको आधारमा गरिन्छ । संसक्तिअन्तर्गत व्याकरणिक र कोशीय तवरले पाठको अध्ययन र विश्लेषण गरिन्छ भने संयुक्तिअन्तर्गत वाक्य वाक्यबीचको आन्तरिक वा आर्थी सम्बन्धलाई हेर्ने गरिन्छ । संसक्तिको अध्ययन गर्दा पाठलाई एकीकृत गर्न वा संयुक्त तुल्याउन व्याकरणिक र कोशीय एकाइले जोर्नी, गम, सङ्गालो वा जोडकको काम गरेको छ वा छैन भन्ने कुराको अध्ययन विश्लेषण गरिन्छ । त्यस्तै संयुक्तिको अध्ययन गर्दा आर्थी दृष्टिले वाक्यहरू जोडिएका छन् वा छैनन् भन्ने कुराको पनि विश्लेषण गरिन्छ । तसर्थ सङ्कथन विश्लेषणअन्तर्गत कथ्य र लेख्य भाषाका वाक्यभन्दा माथिल्ला भाषिक एकाइहरूको अध्ययन गरिन्छ । लेख्य भाषाका सङ्कथनहरू भने कथ्य भाषाका सङ्कथनहरूका तुलनामा भाषिक सामग्रीहरूमा बढी निर्भर हुन्छन् । तसर्थ भाषिक दृष्टिले लेख्य सङ्कथनहरू खँदिला र सुगठित देखिन्छन् । यसलाई भाषाको उच्चतम र विस्तारित स्वरूपको अध्ययनका रूपमा लिइन्छ । यो स्वरूप विभिन्न रूपमा विकसित हुँदै गएको हुन्छ । पहिले सङ्कथन विश्लेषणलाई संवाद विश्लेषणका रूपमा लिइन्थ्यो भने अहिले पाठ विश्लेषण र आख्यान विश्लेषणका रूपमा लिइन्छ ।

समग्रतः पाठ संरचनात्मक र आर्थी दृष्टिले पूर्ण र सबल छ कि छैन भनेर अध्ययन सङ्कथन विश्लेषणमा गरिन्छ । यसमा संसक्ति र संयुक्तिको अध्ययन विश्लेषण कार्य गरिन्छ । तसर्थ साङ्कथनिक दृष्टिले पाठले पूर्णता प्राप्त गर्न सङ्कथनका युक्ति (संसक्ति र संयुक्ति) को उपयुक्त प्रयोग आवश्यक पर्दछ ।

## सङ्कथनका प्रकार

खास गरी भाषाविद्हरूले सङ्कथन विश्लेषणलाई लेख्य र कथ्य गरी दुई भागमा वर्गीकरण गरेको पाइन्छ । सामान्यतया कथ्य र लेख्य सङ्कथन गरी दुई किसिमका भनिए तापनि कतिपय विद्वान्ले साङ्केतिक सङ्कथनलाई पनि सङ्कथनको प्रकार भनेको पाइन्छ । यसरी सङ्कथन कति प्रकारका हुन्छन् भनेर किटान गर्ने कार्यमा विद्वान्हरूका बिचमा मतैक्यता भेटिँदैन । सङ्कथनको अवधारणात्मक विकासको इतिहासलाई केलाउँदा पनि प्रारम्भमा मौखिक अभिव्यक्तिका भाषण र वार्तालाप जस्ता औपचारिक भाषिक एकाइलाई यस अन्तरगत राखिन्थ्यो । वर्तमानमा आइपुग्दा भाषाका लेख्य अभिव्यक्तिलाई पनि सङ्कथन मानिन्छ । कतिपय अवस्थामा सङ्कथन सम्बन्धी विद्वान्का परिभाषा समेतलाई आधार मान्दा विशिष्ट किसिमका अर्थ बुझाउने विभिन्न सङ्केतलाई पनि सङ्कथन मान्न सकिन्छ । कथ्य, लेख्य र साङ्केतिक सङ्कथन हुने कुरा उल्लेख गरेका छन् (घिमिरे, २०६९) । जसको छोटो परिचय यस प्रकार छ ।

### कथ्य सङ्कथन

कथ्य सङ्कथन भाषाको मौखिक प्रक्रियासँग सम्बन्धित छ । यसैले यसको संरचनामा अनौपचारिक प्रस्तुति रहने गर्दछ । खास परिवेश र प्रसङ्ग विशेषमा आधारित भई वक्ता र श्रोताको प्रत्यक्ष सहभागितामा सम्पन्न हुने कुराकानी, संवाद, वादविवाद, छलफल, अन्तर्क्रिया, व्यङ्ग्य, भलाकुसारी, आदेश, अनुरोध, मौखिक वर्णन, ख्यालठट्टा, भाषण आदि

कथ्य सङ्कथनका उदाहरण हुन् । यसमा भाषिक र भाषेतर तत्त्वहरूको समान महत्त्व रहन्छ । कथ्य सङ्कथन वक्ता र श्रोताको प्रत्यक्ष उपस्थितिमा सम्पन्न हुन्छ । यसलाई खास गरी वक्ताका हाउभाउ, मुखमुद्रा, गतियति, अङ्ग सञ्चालन, आरोह अवरोह, बलाघात विराम आदिले जीवन्त तुल्याएको हुन्छ ।

कथ्य सङ्कथनमा वक्ता, श्रोता, सन्दर्भ तथा परिवेशको प्रत्यक्ष भूमिका रहन्छ । यस्ता सङ्कथनमा विषयवस्तु अनुसार वक्ता र श्रोताले आपसमा भूमिका परिवर्तन गर्दछन् । समग्रमा भाषाको मौखिक अभिव्यक्तिमा आधारित सन्दर्भ, प्रसङ्ग र परिवेशजन्य सम्प्रेषणीय सिङ्गो भाषिक उच्चार नै कथ्य सङ्कथन हो जसमा भाषिक र भाषेत्तर तत्त्वको उत्तिकै भूमिका रहन्छ ।

**लेख्य सङ्कथन**

भाषाको लिखित अभिव्यक्तिसँग सम्बन्धित अथवा  लेख्नु र पाठसँग सम्बन्धित सङ्कथनलाई लेख्य सङ्कथन भनिन्छ । विविध विषय क्षेत्रसँग सम्बन्धित लिखित सूचना, रसिद, विज्ञापन लेख तथा विविध साहित्यिक रचनाहरू लेख्य सङ्कथनको क्षेत्र भित्र पर्दछन् । लेख्य सङ्कथनमा लेखकका सामुन्नेमा पाठक उपस्थित हुँदैन बरु कल्पित हुन्छ । जसले गर्दा कथ्य सङ्कथनमा झैं लेख्य सङ्कथनमा कुनै गल्ती भई हालेमा तुरुन्त सुधार गर्ने मौका प्राप्त हुँदैन र लेखकले पाठकलाई स्पष्टीकरण दिने मौका पनि प्राप्त गर्दैन । भाषाको लिखित अभिव्यक्तिसँग सम्बन्धित सङ्कथन लेख्य सङ्कथन हो (अधिकारी, २०६७ : २५४) । यसैले यसमा भाषेत्तर तत्त्वको उपयोग असम्भव र पूर्ण रूपमा भाषा तत्त्वमा निर्भर हुने गर्दछ । यसमा प्रतिवेदन, चिठी, कथा, कविता आदि पर्दछन् ।

**साङ्केतिक सङ्कथन**

सङ्कथनका प्रकारहरूलाई कथ्य र लेख्यका अलावा साङ्केतिक रूप समेतमा वर्गीकरण गर्न सकिन्छ । कतिपय अभिव्यक्ति यस्ता हुन्छन्, जसमा लिखित र मौखिक रूपमा व्यक्त नगरी विशेष प्रकारका सङ्केतका माध्यमबाट अभिव्यक्त गरिन्छ (पौडेल, २०७१ : ९) । यसरी सङ्केतका माध्यमबाट पूर्ण पाठले प्रदान गर्ने अभिव्यक्ति प्रदान गरि रहेका हुन्छन् । यस्ता सङ्केतहरू विशेष अवस्था र विशेष प्रयोजनमा मात्र अर्थ प्रदान गर्ने हुन्छन् । यस्ता सङ्केतहरू शाब्दिक र अशाब्दिक हुने गर्दछन् । शाब्दिक सङ्केतमा विशेष समयमा विशेष व्यक्तिले विशेष प्रयोजनका लागि बोलेको साङ्केतिक शब्दलाई लिन सकिन्छ । जस्तैः सुरक्षाकर्मीले प्रयोगमा ल्याउने कोडहरू अशाब्दिक सङ्केतहरूमा पर्दछन् । सडकमा गाडी गुडि रहेका बेला रातो वा हरियो बत्ती बल्नु, हिँडि रहेको यात्रुले जेब्रा क्रसिङ देख्नु, ट्राफिकको इसारा बुझ्नु आदि यस अन्तर्गत पर्दछन् । यी कुनै पनि सङ्केतहरू सडकमा देखिना साथ सडक प्रयोग कर्ताले निश्चित अर्थ बुझी हाल्छ । त्यस्तै खेलकुद अन्तर्गतका विभिन्न खेलमा विशेष किसिमका सङ्केत व्यवस्था हुन्छन् र ती सङ्केतका आधारमा खेलाडी र दर्शकहरू निश्चित अर्थ बुझी हाल्छन् । त्यसैले बोलेर लेखेर मात्र भाषिक सम्प्रेषण नभई सन्दर्भ विशेषमा आएर निश्चित अर्थ बुझाउन यस्ता सङ्केतहरू पनि भाषा सम्प्रेषणका क्षेत्रमा उल्लेख्य भूमिकामा देखिन्छन् । त्यसैले यस्ता सङ्केतहरू पनि सङ्कथन अन्तर्गत नै पर्दछन् । त्यसैले यस्ता सङ्केतले प्रदान गर्ने अर्थको खोजीमा पनि सङ्कथन विश्लेषणलाई अगाडि बढाउन आवश्यक देखिन्छ ।

**सङ्कथनका तत्त्वहरू**

एउटा सङ्कथनलाई सिङ्गो र पूर्ण अभिव्यक्ति बनाउन भूमिका खेल्ने विभिन्न पक्षहरू नै सङ्कथनका तत्त्वहरू हुन् । अर्को शब्दमा एउटा सङ्कथन तयार हुन नभई नहुने

कुराहरू नै सङ्कथनका तत्त्वहरू हुन् । हेमाङ्ग राज अधिकारीका अनुसार सङ्कथनका तत्त्वहरू भनी प्रस्तोता/वक्ता, बोद्धा, माध्यम/मार्ग, सूचनाको स्वरूप, शीर्षक, कोड र परिवेश गरी सात प्रकारका रहेका छन् (पौडेल, २०७१ : १६) । सङ्कथनका ती तत्त्वको निम्नानुसार चर्चा गरिएको छ :

**प्रस्तोता**

भाषिक सङ्कथन प्रस्तुत गर्ने व्यक्ति नै प्रस्तोता हो । सङ्कथनमा प्रस्तोताको मुख्य वा केन्द्रीय भूमिका रहन्छ । कथ्य सङ्कथनमा वक्ता र लेख्य सङ्कथनमा लेखक प्रस्तोताको भूमिकामा रहन्छ । यसर्थ सङ्कथनमा सम्प्रेषणीय वस्तु तथा विचार प्रस्तुत गर्ने मुखपात्र नै प्रस्तोता हो । प्रस्तोता सम्प्रेषणीय वस्तुको उठान कर्ता तथा सञ्चालकको भूमिकामा रहन्छ । यसरी सम्प्रेषणीय कार्य सञ्चालन गर्दा प्रस्तोताले बोद्धा वा पाठकको ध्यान आकर्षित गर्ने, एउटा क्षेत्रबाट अर्कोतिर घुमाई दिने, विषय वस्तु वा सन्देशलाई कसिलो बनाउने, सम्प्रेषणीय सन्देशका लागि सुहाउँदो कोडको चयन गर्ने लगायतका कार्य गर्दछ ।

**बोद्धा**

सङ्कथनबाट सम्प्रेषण गर्न खोजिएको भाव वा विचार ग्रहण गर्ने ग्रहणकर्ता नै बोद्धा हो । अर्को शब्दमा सङ्कथन श्रवण गर्ने श्रोता वा पठन गर्ने पाठक नै बोद्धा हो । प्रस्तोताको उद्देश्य भनेको बोद्धालाई सम्प्रेषणीय विचार पुऱ्याउनु हो । लिखित सङ्कथनमा पाठक बोद्धाका स्थानमा रहन्छ तर संवादात्मक अभिव्यक्ति वा कथ्य सङ्कथनमा भने वक्ता र श्रोताले आलोपालो बोद्धाको भूमिका निर्वाह गर्दछन् । सङ्कथन सम्प्रेषणका क्रममा प्रस्तोताको कथन पक्षको विश्राम वा सञ्चरण स्थल नै बोद्धा हो ।

**माध्यम**

प्रस्तोता र बोद्धाका बिचमा सङ्कथन सम्बन्ध स्थापित गर्ने मार्ग नै माध्यम भनिन्छ । सङ्कथन व्यक्त गर्ने उपायलाई माध्यम भनिन्छ । सम्प्रेषणमा प्रयोग हुने लिखित वा मौखिक स्वरूप सामान्य माध्यम हुन् भने सङ्कथन प्रस्तुतिका क्रममा प्रयोग हुने फोन, रेडियो, टि.भी., फ्याक्स, इमेल, इन्टरनेट लगायत अन्य सङ्केत र सूचनाका चिह्नहरू विशेष माध्यम हुन् ।

**सूचनाको स्वरूप**

सूचनाको स्वरूप पनि सङ्कथनको एक महत्त्वपूर्ण तत्त्व हो । सङ्कथनलाई कस्तो आकार, स्वरूप र शैलीमा प्रस्तुत गर्ने भन्ने कुरा त्यसमा प्रस्तुत गरिने विषय वस्तुको स्वरूपले निर्धारण गर्दछ । एउटै सूचनालाई पनि प्रथम, द्वितीय र तृतीय पुरुषमा प्रस्तुत गर्दा प्रस्तुतिगत ढङ्ग ढाँचाले सङ्कथनमा भिन्नता ल्याउँछ । अर्को शब्दमा एउटै सूचना वा विषयवस्तुलाई पनि भिन्न शैली र प्रक्रिया अँगाली प्रस्तुत गर्न सकिन्छ ।

**विषय**

सङ्कथनमा प्रभाव पार्ने अर्को तत्त्व विषय हो । सङ्कथनमा प्रस्तुत गरिने विषय आत्मपरक, तथ्यपरक, वर्णनात्मक, आख्यानात्मक, भावनात्मक, विवरणात्मक, लयात्मक, घटनामूलक आदि हुन सक्छन् । विषय वस्तुकै आधारमा शीर्षक निर्धारण गरिने हुँदा यसलाई शीर्षक पनि भनिन्छ । विषयगत विविधताले स्वाभाविक रूपमा सङ्कथनको स्वरूप, शैली, संरचना आदिमा पनि विभिन्नता ल्याउँछ ।

**कोड**

कोड भनेको भाषाको सङ्केत हो । भाषिक अभिव्यक्तिमा भाषाका सङ्केतहरूलाई कोड भनेर चिनिन्छ भनेय अभाषिक सम्प्रेषण पनि सम्प्रेषण गर्न आवश्यक सङ्केतहरू पनि

कोड भनेर चिनिन्छ । सङ्कथनका सन्दर्भमा विषय वस्तुको प्रस्तुतिका लागि प्रयोग हुने भाषिक सङ्केत नै कोड हो । सङ्कथनको प्रस्तुतिमा विभिन्न भाषाका कोड प्रयोग हुन सक्दछन् । एउटा भाषाका विभिन्न स्थानीय भेद, प्रयुक्ति भेद, झर्रा भाषाबाट भाषिक एकाइहरू प्रयोग गर्दा सङ्कथनमा विविधता आउने गर्दछ ।

**परिवेश**

परिवेशले सङ्कथनमा प्रस्तुत परिस्थिति वा वातावरणलाई जनाउँछ । देश, काल र पर्यावरणबाट सङ्कथनात्मक स्वरूपमा प्रभाव पार्दछ । औपचारिक, अनौपचारिक सन्दर्भ, प्राचीन, मध्य कालीन र आधुनिक कालीन समय, सामाजिक, राजनैतिक, आर्थिक, मनोवैज्ञानिक स्थिति, ग्रामीण वा सहरी वातावरण जस्ता कुराले सङ्कथनको निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्दछ । यसर्थ परिवेश पनि सङ्कथन निर्माणमा प्रभाव पार्ने तत्त्व हो ।

## सङ्कथन विश्लेषणका पद्धतिहरू

सङ्कथनको विश्लेषणका क्रममा कसरी अगाडि बढ्ने र निष्कर्ष निकाल्ने भन्ने जिज्ञासाको जवाफ नै सङ्कथन विश्लेषणको पद्धति हो । यसले विश्लेष्य सङ्कथनमा भाषाको प्रयोग, भाषिक एकाइहरू बिचको सम्बन्ध र भाषिक सक्षमताका बारेमा वर्णन गर्दै सफल सङ्कथन विश्लेषणसम्बन्धी जानकारी गराउँदछ । सङ्कथन विश्लेषण सम्बन्धी मान्यताहरूको समूह नै सङ्कथन विश्लेषणको पद्धति हो (पौडेल र पोखरेल, २०७१ : १५) । यसले सङ्कथन विश्लेषणका क्रममा कुनै सङ्कथनमा प्रयुक्त घटकहरूको बाह्य संरचनागत सम्बन्ध तथा तिनको आन्तरिक अर्थ सम्बन्धको निरन्तरतालाई खोजी गरी व्याख्या र विश्लेषणको बाटो देखाउँछ । यसर्थ सङ्कथन विश्लेषणलाई कसरी व्यवस्थित र प्रभावकारी बनाउन सकिन्छ भन्ने कुरालाई मनन गर्दै विद्वान्हरूले विभिन्न पद्धतिहरूको विकास र प्रयोग गरेको पाइन्छ । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

**ऊर्ध्व गमन पद्धति**

सङ्कथनको विश्लेषणमा तलदेखि माथि बढ्ने पद्धतिलाई ऊर्ध्व गमन पद्धति भनिन्छ । यसलाई विशिष्टबाट सामान्यतिर जाने पद्धति वा बटम अप पद्धति पनि भनिन्छ । यस पद्धतिमा पाठका वाक्य, अनुच्छेद, परिच्छेद हुँदै अन्तमा समग्र पाठको अध्ययन विश्लेषण कार्य गरिन्छ । यस पद्धतिलाई निम्न चित्रद्वारा प्रष्ट्याउन सकिन्छ :

पाठ

परिच्छेद / सर्ग

अनुच्छेद

वाक्य

उपवाक्य

ऊर्ध्व गमन पद्धति

(स्रोत : पौडेल र पोखरेल, २०७१ : १६)

**अधो गमन पद्धति**

सङ्कथनको विश्लेषणका क्रममामाथिबाट तलतिर जाने पद्धतिलाई अधो गमन पद्धति भनिन्छ । यस पद्धतिलाई टप डाउन पद्धति पनि भनिन्छ । यो सामान्यबाट विशिष्टतिर जाने पद्धति हो । यसमा पहिले सङ्कथनात्मक पाठको समग्र अध्ययन गरी त्यसपछि त्यसभित्रका साना-साना एकाइहरू परिच्छेद, अनुच्छेद, वाक्य, उपवाक्यको अध्ययन विश्लेषण गरिन्छ । यसलाई निम्न चित्रद्वारा देखाइन्छ :

अधो गमन पद्धति /टप डाउन पद्धति

पाठ

परिच्छेद

अनुच्छेद

वाक्य

उपवाक्य

(स्रोत : पौडेल र पोखरेल, २०७१ : १६)

**अन्तर्क्रियात्मक पद्धति**

सङ्कथन विश्लेषण गर्ने क्रममा एकै पटक सङ्कथनका विभिन्न तहबाट सूचना प्राप्त गरी अध्ययन गर्ने पद्धति नै अन्तर्क्रियात्मक पद्धति हो । यो ऊर्ध्व गमन र अधो गमन पद्धति भन्दा भिन्न छ । स्टानोभिच (१९८०) ले ऊर्ध्व गमन र अधो गमन पद्धतिबाट मात्रै सङ्कथनको समग्र विश्लेषण सम्भव नहुने ठानी यस पद्धतिको विकास गरेका छन् । उनका अनुसार सङ्कथनको बोध र विश्लेषण तलबाट माथितिर र माथिबाट तलतिर भने जस्तो सजिलो कुरो होइन बरु यो त एक अन्तर्क्रियात्मक प्रक्रिया हो (पौडेल र पोखरेल, २०७१ : १६) । यस पद्धतिमा तल्लो वा माथिल्लो जुनसुकै तहमा भए पनि एक तहमा भएका कमीलाई अर्को तहमा पूरा गर्न सकिन्छ ।

## सङ्कथनका युक्तिहरू

कथ्य वा लेख्य सङ्कथनमा मानवीय अनुभवलाई प्रस्तुत गर्दा शृङ्खलावद्ध र अन्वितिपूर्ण बनाइ प्रस्तुत गरिन्छ । यसरी मानवीय विचारलाई भाषिक रूपमा प्रस्तुत गर्दा पूर्वाधार सम्बन्धमा जोड्न विभिन्न जुक्ति वा उपाय अपनाइन्छ जसलाई सङ्कथनका युक्ति

भनिन्छ । डी. बउग्रान्डे र डेसलरले सङ्कथनका लागि निम्न सात प्रकारका युक्तिहरू आवश्यक हुने कुरा अगाडि सारेका छन् : संसक्ति, संयुक्ति, अभिप्रायमूलकता, ग्राह्यता, सूचनामूलकता, परिस्थितिमूलकता, पाठात्मक अर्न्तसम्बद्धता/पाठान्तरता (पौडेल, २०६९ : २३) । उपर्युक्त युक्तिहरूले सङ्कथनमा आवश्यकता अनुसार भूमिका निर्वाह गरेका हुन्छन् । ती मध्ये सङ्कथनलाई संरचनात्मक र आर्थी रूपमा पूर्ण र कसिलो बनाउन संसक्ति र संयुक्तिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । संसक्ति र संयुक्ति बिना सङ्कथन निर्माण असम्भव भएकाले सङ्कथन विश्लेषणमा यिनको पहिचान तथा भूमिकाको विश्लेषण आवश्यक मानिन्छ । यसर्थ यहाँ सङ्कथनका युक्तिहरूमा संसक्तिको चर्चा गरिएको छ :

## संसक्ति

### (क) व्याकरणिक संसक्ति

व्याकरणिक कोटिका आधारमा वाक्यलाई सङ्कथनमा आवद्ध गराउने संसक्तिलाई व्याकरणिक संसक्ति भनिन्छ । व्याकरणिक सम्बन्ध जनाउने कार्य व्याकरणिक संसक्तिले गर्दछ । व्याकरणिक संसक्तिलाई भाषावैज्ञानिक ह्यालिडे र हसन (सन. १९७६) ले सन्दर्भन, प्रतिस्थापन, विलोपन र संयोजन पर्दछन् भनी भनेका छन् (भुसाल, २०७५ : २१९) । यी व्याकरणिक संसक्तिको चर्चा निम्नानुसार गर्न सकिन्छ :

### (अ) सन्दर्भन

सङ्कथनमा प्रस्तुत घटना, विषय, स्क्ष्थान वा सहभागीलाई जनाउने कार्यलाई सन्दर्भन भनिन्छ । पद, पदावली, उपवाक्य, वाक्यको पुनरावृत्तिलाई रोकी सङ्कथनिक सन्दर्भन जनाउने भाषिक तत्त्वलाई सन्दर्भक भनिन्छ । ह्यालिडे र हसन (सन् १९७६) का अनुसार सन्दर्भनअन्तर्गत पुरुषवाचक, दर्शकवाचक र तुलनात्मक गरी तीनवटा प्ररूप हुन्छन् । यिनीहरूको चर्चा निम्नानुसार गर्न सकिन्छ :

- **पुरुषवाचक**

सङ्कथनमा वक्ता, श्रोता र विषयको सन्दर्भ जनाउन आउने सन्दर्भकलाई पुरुषवाचक सन्दर्भक भनिन्छ । यी सन्दर्भक प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुष गरी तीन प्रकारका रहेका छन् । पुरुषवाचक सन्दर्भकको प्रयोग त्यसको भूमिकागत अर्थमा आधारित हुन्छ । ह्यालिडे र हसन (सन् १९९२) ले व्यक्तिवाचक सन्दर्भकले अभिव्यक्ति भूमिकाका आधारमा सम्बोधक (एकल : म, बहु : हामी) र सम्बोधित (तिमी) तथा अन्य भूमिकाका आधारमा विशिष्ट (एकवचनात्मक, बहुवचनात्मक, मानवीय, मानवेत्तर : ऊ, उनीहरू, यो, त्यो) र सामान्यीकृत मानव (एक, एउटा) लाई सङ्केत गर्दछ" (भुसाल, २०७५ : २२१) । पुरुषवाचक सन्दर्भक वक्ता, श्रोताको अभिव्यक्तिको भूमिकाका आधारमा परिभाषित हुन्छन् भने तृतीय पुरुषवाची सन्दर्भक संसक्तिका रूपमा प्रयोग हुन्छन् । जस्तैः राम बजार गयो । ऊ भोलि घर आउँछ । उदाहरणमा 'ऊ' पुरुषवाचक सन्दर्भक हो ।

- **दर्शकवाचक सन्दर्भक**

सङ्कथनमा कुनै नजिक वा टाढाको विषय वा वस्तुलाई निर्दिष्ट गर्ने सन्दर्भकलाई दर्शकवाचक सन्दर्भक भनिन्छ । अर्थात् सङ्कथनमा प्रस्तुत व्यक्ति, वस्तु वा विषयको स्थान जनाउने सन्दर्भक दर्शकवाचक सन्दर्भक हो । दर्शकवाचक सन्दर्भकहरू यो, त्यो, ती, यहाँ, त्यहाँ आदि रहेका छन् । "दर्शकवाचक सन्दर्भकलाई स्थानका आशयबाट निर्मित हुने र सन्निकटताका तहबाट सृजित हुने सन्दर्भकका रूपमा चर्चा गर्न सकिन्छ" (भुसाल, २०७५ : २२२) । दर्शकवाचक सन्दर्भकअन्तर्गत निकटवर्ती र दूरवर्ती, एकवचनात्मक र बहुवचनात्मक, स्थानिक वा कालिक दर्शकवाचक सन्दर्भहरू पर्दछन् ।" यो, यी ले नजिकको चिज वा वस्तुलाई र, त्यो, ती ले टाढाको वस्तुलाई जनाउँछन् भनी साल्केले भनेका छन् ।" ह्यालिडे र हसनले (यो, त्यो) एकवचनात्मक, (यी, ती) बहुवचनात्मक, (यहाँ, त्यहाँ) स्थानिक, (अहिले, पछि) कालिक स्वरूपमा चित्रण गरेका छन् (भुसाल, २०७५ : २२३) ।

- तुलनात्मक सन्दर्भक

सङ्कथनमा प्रस्तुत व्यक्ति, वस्तु, स्थान, समय वा विषयको तुलना देखाउने सन्दर्भकलाई तुलनावाचक सन्दर्भक भनिन्छ । यसले दुई वा दुईभन्दा बढी वस्तुका गुण वा विशेषतालाई उपमा गर्ने गर्दछ । ह्यालिडे र हसनले भनेका छन् : तुलनावाचक सन्दर्भक सामान्य र विशिष्ट गरी दुई प्रकारका हुन्छन् । सामान्य प्रारूपमा पहिचानात्मक (समान, बराबर आदि), समानार्थक (उस्तै, त्यस्तै आदि) र विपरितार्थक (भिन्न, अरू भिन्न) तुलना पर्दछन् भने विशिष्ट प्रारूपमा परिमाणात्मक (धेरै, थोरै, बराबरी) र गुणात्मक (राम्रो, बराबर, राम्रो आदि) तुलना गर्दछन् (भुसाल, २०७५ : २२३) । तुलनात्मक सन्दर्भक मूलतया पूर्व सन्दर्भनका लागि र अंशतः पश्च सन्दर्भन र बहिःसन्दर्भनका लागि प्रयोग गरिन्छ । तुलनात्मक सन्दर्भकलाई अन्तःसन्दर्भक र बहिःसन्दर्भक गरी विभाजन गरिएको पाइन्छ । तिनको चर्चा निम्नानुसार गरिन्छ :

**(आ) प्रतिस्थापन**

सङ्कथनमा एकपटक प्रयोग भइसकेको शब्द, पदावली, उपवाक्य र वाक्यका सट्टामा अर्को शब्द, पदावली र वाक्यको प्रयोग  गरिन्छ । यसप्रकार पहिले प्रयोग भएका भाषिक एकाइलाई प्रतिस्थापन गरी सङ्कथनमा सम्बद्धता कायम गर्नु नै प्रतिस्थापनको प्रमुख कार्य हो । यस्तो भाषिक प्रयोगबाट सङ्कथनमा आलङ्कारिकता, विविधता र विशिष्टता निर्माण भई कथनलाई मिठासपूर्ण बनाएको हुन्छ । प्रतिस्थापनलाई नामिक प्रतिस्थापक, क्रिया पतिस्थापक र उपवाक्यात्मक प्रतिस्थापक गरी वर्गीकरण गरिएको पाइन्छ । यी प्रकारलाई निम्नानुसार हेर्न सकिन्छ :

- **नामिक प्रतिस्थापक**

नामिक पद वा पदावलीको सट्टामा प्रयोग हुने सन्दर्भकलाई नामिक प्रतिस्थापक भनिन्छ । जस्तैः “झोलाबाट कलमहरू निकाल । यसले लेखेन । यस उदाहरणमा ‘कलम’ नामपदका स्थानमा यसको प्रतिस्थापन भएको छ । त्यसकारण ‘कलम’ र ‘यस’ बीचको सम्बन्ध नामिक प्रतिस्थापनको सम्बन्ध हो ।

- **क्रियात्मक प्रतिस्थापक**

सङ्कथनमा प्रयुक्त क्रियापदलाई स्थानापन्न गर्न आउने संसक्ति एकाइलाई क्रियात्मक प्रतिस्थापक भनिन्छ । यसमा पहिले नै प्रयुक्त भएको क्रियापदको समान आशय व्यक्त गर्नका लागि वर्गीय क्रियाको प्रयोग गरिन्छ । एउटा क्रियापदको सट्टामा कुनै शब्दको प्रयोग भएमा त्यसलाई क्रियाको प्रतिस्थापन भनिएको हो । जस्तैः

तिमी नसुनिने गरी पढ्दैछौ ।

तिमी पनि त त्यसै गर्दैछौ नि ।

यहाँ ‘पढ्दैछौ’ क्रियापदको सट्टामा ‘गर्दैछौ’ को प्रतिस्थापन भएको छ ।

- **उपवाक्यात्मक प्रतिस्थापक**

कुनै वाक्यांशकै प्रतिस्थापनमा अर्को शब्द आएमा त्यसलाई उपवाक्यात्मक प्रतिस्थापक भनिन्छ । यसमा सिङ्गो उपवाक्य नै स्थानापन्न हुन्छ । जस्तैः

आँप पाकेको हो ?

त्यस्तै देखिन्छ ।

माथिको उदाहरणमा ‘आँप पाकेको’ उपवाक्यलाई ‘त्यस्तै’ ले प्रतिस्थापन गरेको छ । यसलाई उपवाक्यात्मक प्रतिस्थापनको उदाहरण मान्न सकिन्छ ।

**(इ) लोप**

भाषिक संरचनामा आउनुपर्ने घटक नआउनु तर अर्थ बुझिन्छ भने त्यसलाई लोप भनिन्छ । यसलाई वक्ता वा लेखकद्वारा नभनिएको भाषिक तत्त्वको छुटका रूपमा परिभाषित गर्न सकिन्छ । लोप पनि नामिक, क्रियात्मक र उपवाक्यवात्मक गरी तीन प्रकारका रहेका छन् । यिनको चर्चा निम्नानुसार गरिएको छ :

- **नामिक लोप**

सङ्कथनमा प्रयुक्त कुनै नाम पद वा पदावलीको लोप हुनुलाई नामिक लोप भनिन्छ । नामको विशेषक भएर आएका एकाइहरू तत्पश्चात नामको रूपमा आउँदा तिनबाट नामको लोप हुने हुन्छ । जस्तैः

हरिले पाकेको केरा मन परायो ।

रामले काँचो (०) मन परायो ।

यस उदाहरणमा नामिक पद 'केरा' को लोप भएको छ । 'काँचो' ले शीर्षको काम गरेको छ ।

- **क्रियापद लोप**

सङ्कथनमा प्रयुक्त कुनै क्रियापदको लोप हुनुलाई क्रियात्मक लोप भनिन्छ । यस्तो लोप भएको अवस्थामा पनि उक्त संरचनाबाट अर्थबोध भने गर्न सकिन्छ । जस्तैः

यो पुस्तक कसले दियो ।

मैले (०) ।

- उपवाक्यात्मक लोप

सङ्कथनमा प्रयुक्त कुनै उपवाक्यको लोप हुनुलाई उपवाक्यात्मक लोप भनिन्छ । उपवाक्यात्मक लोपमा उपवाक्यमा रहेका उद्देश्य तत्त्व र विधेय तत्त्व अन्तर्गतका एकाधिक तत्त्वहरू लोप हुन्छन् । जस्तैः

ए गङ्गा खाना खार्यौ ?

अँ (O) ।

**(ई) संयोजन**

सङ्कथनमा प्रयुक्त वाक्य वा भाषिक तत्त्वहरूलाई पारस्परिक तुल्याउने कार्यलाई संयोजन भनिन्छ । व्याकरणिक संसक्तिका प्रारूपमध्येको महत्त्वपूर्ण प्रारूपका रूपमा संयोजनलाई लिइन्छ । वाक्यहरूलाई संयोजन गर्ने कार्य संयोजकले गर्दछ । संयोजकको कुनै स्वतन्त्र अर्थ हुँदैन । तर यिनले सङ्कथनात्मक घटना तथा वैचारिक शृङ्खलालाई अर्थपूर्ण सन्दर्भमा जोड्न विशिष्ट भूमिका खेलेको हुन्छ । संयोजक सापेक्ष र निरपेक्ष गरी दुई प्रकारका छन् । सापेक्ष संयोजकमा र, अथवा, वा, किन्तु, परन्तु, तापनि, या त आदि पर्दछन् । निरपेक्ष संयोजकमा जो, जे, जुन, जसरी, भनी, भनेर, भन्ने, कि, किनभने, जस्तो, जति, जब आदि पर्दछन् । निरपेक्ष संयोजकलाई समपादिक र सापेक्ष संयोजकलाई विषम पादिक भनेर पनि चिन्ने गरिन्छ । समग्रमा संयोजकहरूलाई विपरीतार्थक, कारणात्मक, कालिक, संयोजक गरी वर्गीकरण गरिएको पाइन्छ ।

- **योगात्मक संयोजक**

सङ्कथनमा प्रस्तुत कुनै अभिव्यक्ति, कथन वा वाक्यमा अतिरिक्त सूचना थपोटका लागि प्रयोग गरिने संयोजक संसक्तिलाई योगात्मक संयोजक भनिन्छ । योगात्मक संयोजकले सङ्कथनमा व्यक्त भएका विषयलाई थप खुलाउने, व्याख्या गर्ने, समान असमान सन्दर्भ

जनाउने, वैकल्पिक अवस्था दर्शाउने आदि कार्यमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसअन्तर्गत र, पनि, अथवा, वा, अर्कोतिर, नत्र, त्यसैगरी, उदाहरणार्थ आदि संयोजक पर्दछन् ।

- **विपरीतार्थी संयोजक**

दुई वाक्यहरूका बीचको विरोधको अवस्था सिर्जना गर्ने संयोजकहरूलाई विपरीतार्थी संयोजन भनिन्छ । यसमा तर, तापनि, अर्कोतिर, भएपनि, किन्तु, परन्तु, अपितु, यद्यपि आदि संयोजक पर्दछन् ।

- **कारणात्मक संयोजक**

कारण र परिमाणबीचको सम्बन्ध देखाउने संयोजकलाई कारणात्मक संयोजक भनिन्छ । अझभन्दा वाक्यहरूका बीच कार्यकारण सम्बन्ध स्थापित गर्ने संयोजकलाई कारणात्मक संयोजक भनिन्छ । यसअन्तर्गत किनभने, त्यसैले, त्यसकारण, तसर्थ, यसर्थ, अत, फलत, हुनाले, यसरी आदि संयोजकहरू पर्दछन् ।

- **कालिक संयोजक**

समय वा कालको अवस्था बुझाउने संयोजकलाई कालिक संयोजक भनिन्छ । कालिक संयोजकले समयको अर्थ बोध गराउने वाक्य वा अभिव्यक्तिलाई संयोजक गर्दछ । यसमा अहिले, उहिले, पहिले, पछि, अर्को, त्यसपछि, अहिलेसम्म, अन्त्यमा, त्यसपछि आदि संयोजकहरू पर्दछन् ।

**(ख) कोशीय संसक्ति**

सङ्कथनमा प्रयुक्त कोशीय वा शाब्दिक एकाइद्वारा सृजित संसक्तिलाई कोशीय संसक्ति भनिन्छ । यसलाई अव्याकरणिक संसक्ति पनि भनिन्छ । सङ्कथनमा वाक्यभित्रको आपसी सम्बन्ध जनाउन व्याकरणिक संसक्तिका साथै कोशीय संसक्ति हुनु पनि उत्तिकै

जरुरी हुन्छ । कोशीय संसक्तिले दुई वा सोभन्दा बढी शब्द, उपवाक्य र वाक्यका बीचको आर्थी सम्बन्धलाई जनाउँछ । कोशीय संसक्ति अन्तर्गत नाम, विशेषण, क्रियाविशेषण र क्रिया पर्दछन् । कोशीय संसक्तिमा पर्यायवाची, विपरीतार्थी, समावेशी-समावेश्य, सन्निधान वा सहप्रयोग पर्दछन् । यी कोशीय संसक्तिलाई निम्नानुसार हेर्न सकिन्छ :

(अ) **पुनरुक्ति**

पुनरुक्ति सङ्कथनमा प्रयुक्त कोशीय एकाइको पुनर्कथन हो । यसमा कोशीय एकाइलाई जस्ताको त्यस्तै आवृत्ति गरेर, समानार्थी वा विपरीतार्थी शब्दद्वारा दर्साएर, समावेशी, समावेश्य वा अङ्गी-अङ्ग सम्बन्ध कायम गरेर सङ्कथनलाई सम्बद्ध तुल्याउने कार्य गरिन्छ । यसका पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशी-समवोश्य र अङ्गी-अङ्ग गरेर पाँच भेद रहेका छन् ।

- **पुनरावृत्ति**

सङ्कथनमा प्रयुक्त कुनै कोशीय एकाइको आवृत्ति हुनुलाई पुनरावृत्ति भनिन्छ । समान कोशीय एकाइ एकाधिक पटक दोहोरिएको अवस्थालाई जनाउँदछ । कतिपय अवस्थामा आंशिक पुनरावृत्ति पनि हुने गर्दछ । जस्तैः टेलिफोन = फोन । यसमा कोशीय एकाइको मात्र आवृत्ति हेर्ने गरिन्छ । पुनरावृत्ति पूर्वसन्दर्भकका रूपमा रहने देखिन्छ ।

- **पर्यायवाची**

एउटै वा समान अर्थ बुझाउने फरक फरक सिङ्गो शब्दहरूलाई पर्यायवाची शब्द भनिन्छ । सङ्कथनमा कुनै भाव वा विचार प्रस्तुत गर्दा एउटै अर्थका निम्ति प्रयुक्त शब्दहरूलाई पर्यायवाची संसक्ति मानिन्छ । यस्ता पर्यायवाची संसक्तिले सङ्कथनमा व्यक्त धारणा, घटना वा प्रसङ्गलाई स्पष्ट गर्ने कार्य गर्दछन् । यसबाट साङ्कथनिक अभिव्यक्तिमा

एउटै कोशीय एकाइको आवृत्ति हटाउन र भाषाको विशाल शब्दभण्डारबाट मिल्दो शब्द छनोट गरी व्यक्त गर्न सघाउ पुग्ने हुन्छ । जस्तैः (अर्नी-खाजा, अम्बा-बेलौती) आदि ।

- **विपरीतार्थी**

कुनै शब्दको उल्टो अर्थ दिने शब्दलाई विपरीतार्थी शब्द भनिन्छ । यसले साङ्कथनिक भाषिक एकाइका बीच विरोधी सम्बन्ध स्थापित गर्दछ । सङ्कथनमा विपरीतार्थी जनाउन प्रयोग हुने शब्द नै विपरीतार्थी संसक्ति हुन् । जस्तैः होचो-अग्लो, ठूलो-सानो, आदि ।

- **समावेशी-समावेश्य**

सङ्कथनमा प्रयुक्त समावेशक र समावेशित शब्दका बीचको सम्बन्धलाई समावेशी-समावेश्य भनिन्छ । जुन शब्दले अन्य शब्दको अर्थ आफूभित्र समेट्न सक्छ त्यसलाई समावेशक शब्द र जुन शब्दको अर्थ अर्को शब्दको अर्थमा समाहित हुन जान्छ त्यसलाई समावेशित शब्द भनिन्छ । जस्तैः ‘फलफूल’ शब्दले आँप, केरा, स्याउ, सुन्तला, मेवा आदि लगायतका शब्दलाई समेट्ने गर्दछ । त्यसकारण ‘फलफूल’ समावेशी शब्द र आँप, केरा, स्याउ, सुन्तला, मेवा आदि समावेश्यका रूपमा रहेका छन् ।

- **अङ्गी-अङ्ग**

सङ्कथनमा प्रस्तुत पूर्णवाची र अंशवाची शब्दका बीचको सम्बन्धलाई अङ्गी अङ्ग भनिन्छ । सन्दर्भअनुसार सङ्कथनमा अङ्गी-अङ्ग सम्बन्ध कायम भएको हुन्छ । यसमा मूल वर्ग र तिनका भागका बीचको सम्बन्ध कायम हुन्छ । जस्तैः फल-आँप, मेवा, स्याउ, सुन्तला, केरा आदिले समावेशी-समावेश्य सम्बन्ध देखाउँछ भने रुख-जरा, फेद, हाँगा, पात आदिले अङ्गी अङ्गलाई जनाउँछ ।

(आ) **सन्निधान**

कुनै शब्दको कुनै अर्को शब्दसँग रहने सान्निध्य सम्बन्धलाई सन्निधान भनिन्छ । भाषामा खास शब्दहरूले एकथरी शब्दसँग सान्निध्यता राख्दछ भने अर्काथरी शब्दसँग सान्निध्यता राख्दैन । भाषाका अतिरिक्त उखान, टुक्कामा पनि यस किसिमको स्थिति पाइन्छ । जस्तैः गोलो भकुन्डो, पानी जहाज । यी शब्दावलीमा परस्परमा सान्निध्य रहेको देखिन्छ । शब्द वा वाक्यहरूका बीच शृङ्खला मिलाउन, विचार वा भनाइलाई प्रभावकारी बनाउन सन्निधान वा सहप्रयोगले सङ्कथनमा महत्त्वपूर्ण भूमिका खेल्ने गर्छ ।

सङ्कथन विश्लेषण प्रायोगिक भाषा विज्ञान अन्तर्गतको पाठ विश्लेषण गर्ने एक प्रमुख आधार हो । भाषिक अध्ययनका क्षेत्रमा सङ्कथन विश्लेषण सन् १९५० पछि विकसित भई १९६० को दशक पछि तिव्र रूपमा अगाडि बढेको देखिन्छ । पाश्चात्य भाषाविद् जेलिङ एस ह्यारिसले सर्वप्रथम सङ्कथन शब्दको प्रयोग गरेको पाइन्छ । भाषाको माथिल्लो र सिङ्गो अभिव्यक्तगत एकाइका रूपमा सङ्कथन रहने गर्दछ । यही सिङ्गो भाषिक अभिव्यक्तिका रूपमा रहने भाषिक एकाइको भाषा वैज्ञानिक तवरले अध्ययन गर्ने प्रायोगिक भाषाविज्ञानको नवीनतम् शाखा सङ्कथन विश्लेषण हो । सङ्कथन मुख्यतया लेख्य र कथ्य हुने भए पनि पछिल्लो समयमा तमाम विद्वान्हरू साङ्केतिक रूपमा पनि एउटा पूर्ण अभिव्यक्ति हुने भएकाले त्यसलाई पनि सङ्कथन मान्नुपर्ने र त्यसको पनि सङ्कथन विश्लेषण हुनुपर्ने भनेर जोड तोडले लागि परेकाले साङ्केतिक सङ्कथनलाई पनि एउटा प्रकार मानिन थालेको देखिन्छ ।

यसरी सङ्कथनको बोधका लागि संसक्ति र संयुक्ति अनिवार्य तत्त्वका रूपमा रहन्छन् । कथनलाई सम्प्रेषणीय र बोधगम्य बनाउनका लागि संसक्तिभन्दा पनि संयुक्ति हुनुपर्दछ । संसक्तिले भाषाको संरचनामा आएका भाषिक एकाईको जोर्नीको काम गर्छ भने संयुक्तिले कथनको आशयलाई सम्प्रेषण गर्दछ । यसकारण सङ्कथन विश्लेषणमा पाठ्य

सामग्रीको वा भनाइको संसक्ति र संयुक्तिको विश्लेषण गर्नु आवश्यक र अनिवार्य ठानिन्छ ।

**सङ्कथन निर्माणमा संसक्तिको भूमिका**

वाक्यभन्दा माथिल्लो भाषिक उच्चारणलाई सङ्कथन भनिन्छ । सङ्कथन निर्माणमा संसक्तिको भूमिका अपरिहार्य हुने गर्दछ । संसक्तिअन्तर्गत व्याकरणिक र कोशीय संसक्ति पर्ने गर्दछन् । कथनको बाह्य संरचना पक्षको व्याकरणिक र कोशीय तत्त्वको अध्ययन संसक्तिमा गरिन्छ । व्याकरणिक संसक्ति अन्तर्गत सन्दर्भन, प्रतिस्थापन, लोप र संयोजक पर्दछन् । सङ्कथन निर्माणमा व्याकरणिक संसक्तिले कथनलाई व्याकरणसम्मत, मानक र स्तरीयता निर्धारण गर्न सहयोग गर्दछ । जसले कथनलाई सम्प्रेषणीयता प्रदान गर्दछ । त्यस्तै कोशीय संसक्तिले कोशीय एकाइको आवृत्तिलाई हटाउने, कथनसँग मिल्दा शब्द चयन गर्ने, साङ्कथनिक भाषिक एकाइका बीचको विरोधी सम्बन्ध स्थापना गर्ने, कथनको समावेशी र समावेश्य सम्बन्ध हेर्ने र कुनै शब्दको अर्को शब्दसँगको सान्निध्य सम्बन्ध हेर्ने, अङ्गी-अङ्ग सम्बन्ध हेर्ने कार्य गर्दछ । संसक्तिले वाक्यलाई संरचनात्मक रूपमा जोड्ने सिक्री,  संरचक, गम, सङ्गालोको काम गर्ने गर्दछ । यसको अभावमा सङ्कथन/पाठ सुसंरचित हुन सक्दैन । त्यसकारण सङ्कथनलाई व्याकरणिक र कोशीय रूपमा सम्प्रेषणीय बनाउन संसक्तिले सघाउने भएकाले सङ्कथन निर्माणमा संसक्तिको भूमिका महत्त्वपूर्ण हुन्छ ।

# अध्याय तीन

# अनुसन्धान विधि र प्रक्रिया

कुनै पनि क्षेत्रको अध्ययन अनुसन्धान निश्चित विधि र प्रक्रियामा आधारित हुन्छ । विशेषतः अनुसन्धान विधिले अध्ययन अनुसन्धानमा गरिएका क्रियाकलापहरूको व्यवस्थित पद्धतिलाई दर्साउँछ । 'तस्वीर' कथाको सङ्कथन विश्लेषणमा आधारित प्रस्तुत शोधमा निश्चित अनुसन्धान विधि एवम् पद्धतिको प्रयोग गरिएको छ । यसका लागि पुस्तकालयीय अध्ययन विधिलाई केन्द्रीय विधिको रूपमा प्रयोग गरिएको छ ।

## अनुसन्धान ढाँचा

अनुसन्धान गर्दा मार्गनिर्देशन गर्ने तौरतरिकाका रूपमा अनुसन्धान ढाँचालाई लिइन्छ । अनुसन्धान ढाँचा सामान्यतया तीन प्रकारका हुने गर्दछन् : गुणात्मक, परिमाणात्मक र मिश्रित । जसमध्ये गुणात्मक ढाँचामा सानो नमुना, गहन अध्ययन एवम् सूक्ष्म व्याख्याको अपेक्षा गरिन्छ । परिमाणात्मक अनुसन्धानमा ठूलो नमुना, तथ्याङ्कीय वा गणितीय साधन र मापनीय प्राप्ति अपेक्षित हुन्छ । यसलाई साधारणीकरण गर्न पनि सकिन्छ । मिश्रित अनुसन्धानमा चाहिँ गुणात्मक र परिमाणात्मक अनुसन्धान ढाँचाको मिसावट गरिन्छ । प्रस्तुत अनुसन्धान गुणात्मक अनुसन्धान विधिमा आधारित रहेको छ । पुस्तकालयीय अध्ययन विधिको माध्यमबाट सोद्देश्यमूलक तरिकाले लेख्य सामग्रीको सङ्कलन गरिएको छ । यस अध्ययनमा 'तस्वीर' कथाको अध्ययन-विश्लेषण गर्दा व्याख्यात्मक, विश्लेषणात्मक र समालोचनात्मक विधिको अवलम्बन गरिएको छ ।

## जनसङ्ख्या तथा नमुना छनोट

प्रस्तुत अनुसन्धान 'तस्वीर' कथाको सङ्कथन विश्लेषणको अध्ययनमा आधारित रहेकाले 'ऐना' कथासङ्ग्रह भित्रका बीसवटा कथाहरू जनसङ्ख्याका रूपमा रहेका छन् । यस अनुसन्धानमा बीसवटा कथाहरूमध्येबाट सोद्देश्यमूलक तरिकाले 'तस्वीर' कथालाई मात्र छनोट गरिएको छ । त्यसकारण 'तस्वीर' कथा नमुना जनसङ्ख्याको रूपमा रहेको छ ।

## तथ्याङ्क सङ्कलनका स्रोत

अनुसन्धान कार्य गर्दा विभिन्न प्रकारका तथ्याङ्क सङ्कलनका सामग्रीहरू प्रयोग गर्नुपर्ने हुन्छ । प्रस्तुत 'तस्वीर' कथाको सङ्कथन विश्लेषण गर्दा प्राथमिक र द्वितीयक तथ्याङ्क सङ्कलनका स्रोतहरू प्रयोग गर्नुपर्ने देखिन्छ ।

### प्राथमिक स्रोत


तथ्याङ्क सङ्कलनका सामग्रीहरू अन्य कुनै प्रयोजनका लागि प्रयोग नभएका, अद्वितीय सामग्री भएमा त्यसलाई प्राथमिक तथ्याङ्क सङ्कलनका स्रोत भनिन्छ । अतः 'ऐना' कथासङ्ग्रहभित्रको 'तस्वीर' कथालाई प्राथमिक तथ्याङ्क सङ्कलनको स्रोतको रूपमा उपयोग गरिएको छ ।

### द्वितीयक स्रोत

तथ्याङ्क सङ्कलनका द्वितीयक स्रोत भन्नाले पहिले प्रयोग भइसकेका अर्थात् अन्य प्रयोजनका लागि सामग्री सङ्कलनका स्रोत भइसकेका स्रोत हुन् । प्रस्तुत शोधमा द्वितीय तथ्याङ्क सङ्कलनका स्रोतका रूपमा विभिन्न पुस्तक, विभिन्न पत्रपत्रिकामा प्रकाशित अनुसन्धानमूलक लेख रचनाहरू, शब्दकोशहरू, विश्वकोश, सङ्कथन सम्बद्ध शोधप्रबन्धहरू र शोधपत्रहरू उपयोग गरिएको छ ।

## धारणात्मक रूपरेखा

प्रस्तुत अध्ययनलाई वस्तुगत, व्यवस्थित र प्रभावकारी रूपमा सम्पन्न गर्नका लागि अनुप्रयुक्त धारणात्मक रूपरेखालाई निम्नानुसार प्रस्तुत गरिएको छ :




उल्लिखित धारणात्मक रूपरेखामा आधारित भई प्रस्तुत शोधकार्य सम्पन्न गरिएको छ ।

## व्याख्या तथा विश्लेषण

प्रस्तुत अनुसन्धान गुणात्मक अनुसन्धान भएकाले यसको अध्ययन प्रक्रिया मूलतः व्याख्यात्मक एवम् विश्लेषणात्मक रहेको छ । प्रस्तुत अनुसन्धानमा 'तस्वीर' कथाको विश्लेषण साङ्कथनिक सिद्धान्तका आधारमा गरिएको छ । प्रस्तुत अध्ययनमा उर्ध्वगमन, अधोगमन र पारस्परिक पद्धतिमध्ये पारस्परिक पद्धतिका आधारमा कथाको विश्लेषण गरिएको छ । यस क्रममा 'तस्वीर' कथाको व्याकरणिक संसक्ति, कोशीय संसक्तिको विश्लेषण गरिएको छ । व्याकरणिक संसक्तिको अध्ययन विश्लेषणका क्रममा सन्दर्भन, प्रतिस्थापन, लोप तथा संयोजन संसक्तिको सूक्ष्म अन्वेषण गरिएको छ । जसमध्ये सन्दर्भनअन्तर्गत व्यक्तिवाचक, दर्शकवाचक र तुलनात्मक सन्दर्भन प्रतिस्थापन संसक्तिअन्तर्गत नामिक, क्रियात्मक र उपवाक्यात्मक प्रतिस्थापन, लोपअन्तर्गत नामिक, क्रियात्मक र उपवाक्यात्मक लोप तथा संयोजनअन्तर्गत योगात्मक, विपरीतार्थी, कारणात्मक र कालिक संयोजनको प्रयोगपरक स्थितिको व्याख्या गरिएको छ । त्यस्तै कोशीय संसक्तिको अध्ययन विश्लेषणका क्रममा पुनरुक्ति र सन्निधान संसक्तिको अन्वेषण गरिएको छ । जसमध्ये पुनरुक्तिअन्तर्गत पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशी-समावेश्य र अङ्गी-अङ्ग प्रारूपहरूको प्रयोगपरक स्थिति विश्लेषण गरिएको छ । कथाको संसक्तिको अवस्थाको तुलनात्मक स्थितिलाई प्रभावकारी रूपमा प्रस्तुत गर्न प्रतिशताङ्क तालिकामा सोको अवस्था प्रस्तुत गरिएको छ । साथै व्याख्या, विश्लेषणलाई तार्किक र बोधगम्य तुल्याउनका लागि प्रस्तुत कथाबाट आवश्यकताअनुसार उदाहरणहरू पनि प्रस्तुत गरिएको छ । प्रस्तुत अनुसन्धानमा उल्लिखित तौरतरिकाबाट प्राप्त तथ्यका आधारमा अध्ययनको निष्कर्ष निकालिएको छ ।

# अध्याय चार

# व्याख्या तथा विश्लेषण

## 'तस्वीर' कथामा संसक्ति

'तस्वीर' कथा कथाकार रामलाल जोशीद्वारा लिखित मदन पुरस्कार प्राप्त कृति 'ऐना' कथासङ्ग्रह भित्रको एक उत्कृष्ट सामाजिक कथा हो । जोशी समाजमा घटेका घटना, मानवीय, बाध्यता, विवशतालाई सचित्र आफ्ना कथामा उतार्ने गर्दछन् । कुल चौंतीस अनुच्छेदमा संरचित बाह्र पृष्ठको यस कथामा विभिन्न प्रकारका व्याकरणिक र कोशीय संसक्तिहरूको प्रयोग गरिएको पाइन्छ । प्रस्तुत कथामा प्रयुक्त व्याकरणिक संसक्ति, कोशीय संसक्ति र तिनले कथाको संरचना निर्माणमा खेलेको भूमिकाको अध्ययन विश्लेषण निम्नानुसार गरिएको छ :

### (क) व्याकरणिक संसक्ति

व्याकरणिक कोटिका आधारमा वाक्यलाई सङ्कथनमा आबद्ध गराउने संसक्तिलाई व्याकरणिक संसक्ति मानिन्छ । यसमा पाठमा प्रयुक्त वाक्यलाई संयोजन गर्ने कार्य गरिन्छ । यसअन्तर्गत सन्दर्भन, प्रतिस्थापन, विलोपन र संयोजन संसक्ति पर्दछन् । 'तस्वीर' कथामा यी चारै प्रारूपका व्याकरणिक संसक्तिको प्रयोग गरिएको पाइन्छ । प्रस्तुत कथामा प्रयुक्त व्याकरणिक संसक्ति र तिनले कथामा खेलेको भूमिकाको अध्ययन निम्नानुसार गरिएको छ :

### (अ) सन्दर्भन

सङ्कथनमा प्रस्तुत घटना, विषय, स्थान वा सहभागीलाई जनाउने कार्यलाई सन्दर्भन भनिन्छ । पाठमा प्रयुक्त पद, पदावली, उपवाक्य, वाक्यको पुनरावृत्तिलाई रोकी साङ्कथनिक सन्दर्भन जनाउने भाषिक तत्त्वलाई सन्दर्भन मानिन्छ । यसका पुरुषवाचक, दर्शकवाचक र

तुलनात्मक गरी तीन प्रकार रहेका छन् । पाठमा पूर्व वा पश्च रूपमा आई यिनले व्यक्ति, वस्तु वा विषयलाई सन्दर्भित गर्ने गर्दछन् । 'तस्वीर' कथामा सन्दर्भनका तीनवटै भेदको प्रयोग गरिएको पाइन्छ । जसको अध्ययन निम्नानुसार गरिएको छ :

- **पुरुषवाचक सन्दर्भन**

सङ्कथनमा वक्ता, श्रोता र विषयको सन्दर्भ जनाउन आउने सन्दर्भकलाई पुरुषवाचक सन्दर्भक भनिन्छ । पाठमा प्रयुक्त व्यक्ति, वस्तु वा विषयलाई दर्साउनका लागि पुरुषवाचक सन्दर्भकहरूको प्रयोग गरिन्छ । यसअन्तर्गत प्रथम, द्वितीय र तृतीय पुरुष सर्वनाम शब्दहरूको प्रयोग हुन्छ । सम्बन्ध वाचकको रूपमा षष्ठी विभक्तियुक्त विशेषण शब्दहरूको पनि प्रयोग गरिन्छ । 'तस्वीर' कथामा प्रयुक्त पुरुषवाचक सन्दर्भकहरू निम्नानुसार रहेका छन् :

आफ्नो, आफैसँग, उसका, उसैका, ऊ, आफू, यिनीहरू, ऊ, ऊ, आफ्नो, उसको, ऊ, ऊ, ऊ, ऊ, ऊ, उसको, ऊ, ऊ, उसको, ऊ, आफू, उसको, ऊ, उनीहरू, उनीहरूमा, उनीहरू, उनीहरूको, मलाई, आफूले, उसले, हामीलाई, आफ्नो, उनीहरूको, ऊ, उनीहरू, आफूलाई, ऊ, उसले, उसले, ऊ, ऊ, ऊ, ऊ, ऊ, उसको, जसले, उसले, आफ्नो, ऊ, मेरी, मेरी, म, तिमीलाई, तिम्रो, मलाई, म, आफू, तिमीलाई, तिम्रो, ऊ, उसले, उसँग, ऊ, मेरो, मलाई, मलाई, मेरो, मेरो, ऊ, ऊ, म, तिमीहरूलाई, तिमीहरूलाई, तिमीहरूको, आफ्नो, म, मेरो, मेरो, आफ्नै, मेरा, मेरा, म, मेरा, मेरो, म, मेरो, मलाई, हाम्रो, यिनको, यिनीहरूका, मेरो, मलाई, उसले, मेरो, मेरी, मेरा, तिम्री, तिमीहरूलाई, उसको, उसले, उसले, उसका, ऊ, उसले, ऊ, उसले, उसले, ऊ, उसले, उसको, उसले, ऊ, ऊ, तपाइँ, तपाइँलाई, उसको, उसले, ऊ, ऊ, मैले, तपाइँको, तपाइँलाई, मलाई, मेडम, तपाइँ, ऊ, मसँग, मेरी, मेरै, मेरो, उसले, मसँग, ऊभन्दा, म, तपाइँको, तपाइँको, मैले, मलाई, उसले, ऊ, उसका, ऊ, मेरो,

मेरो, म, मेरो, हाम्रा, हजुरको, म, म, आफ्नै, उसलाई, म, उसलाई, आफूलाइ्, ऊ, उसलाई, ऊ, उसले, उसका, उसको, त्यस पुरुष, उसले, उसको, उसले, उसका, उसले, उसको, उसलाई, उसको उसलाई, ऊ, उसको, ऊ, उसले, ऊ, उसलाई, उसको, उसलाई, उसले, ऊ, उसको, उसलाई, उसलाई, उसलाई, ऊ, ऊ, उसको, उसभित्र, ऊ, ऊ, आफूलाई, ऊ, उसले, उसले, उनीहरू, उसले, उसले, उसले, उसको, उसले, ऊ, ऊ, हामीलाई, हजुर = जम्मा २०६ वटा ।

यसअनुसार 'तस्वीर' कथामा कुल २०६ वटा व्यक्तिवाचक सन्दर्भकहरूको प्रयोग गरिएको छ । कथामा प्रयुक्त उल्लिखित व्यक्तिवाचक सन्दर्भकहरू परिशिष्टमा उल्लेख गरिएझैं कथाका पहिलो, तेस्रो, पाचौ, छैटौं, सातौँ, आठौँ, नवौँ, दशौँ, बाह्रौं, तेहैां, चौधौं, पन्ध्रौं, सोह्रौं, सत्रौं, अठारौं, उन्नाइसौं, बीसौं, एक्काइसौं, बाइसौं, चौबीसौं, पच्चीसौं, छब्बीसौं, सत्ताईसौं, अट्ठाईसौं, उनन्तीसौं, तीसौं, एकतीसौं, बत्तीसौं, तेत्तीसौं, चौतीसौं अनुच्छेदमा रहेका छन् । कथाका विभिन्न अनुच्छेदहरूमा प्रयुक्त व्यक्तिवाचक सन्दर्भकहरूले कथामा प्रस्तुत व्यक्ति, वस्तु वा विषयलाई सन्दर्भित गर्ने काम गरेका छन् । कथामा रहेका सन्दर्भकहरू प्रथम, द्वितीय, तृतीय पुरुषवाचक र सम्बन्धवाचक सार्वनामिक विशेषणका रूपमा आएका छन् । कथामा प्रयुक्त व्यक्तिवाचक सन्दर्भकहरूले पूर्ववर्ती विषय सन्दर्भसँग पश्चवर्ती विषय सन्दर्भलाई जोड्ने कार्यमा उल्लेख्य भूमिका निर्वाह गरेका छन् । परिणामस्वरूप 'तस्वीर' कथा संसक्तिका दृष्टिकोणले उपयुक्त बनेको देखिन्छ ।

- **दर्शकवाचक सन्दर्भन**

सङ्कथन वा पाठमा प्रस्तुत व्यक्ति, वस्तु वा विषयको स्थान जनाउन दर्शकवाचक सन्दर्भकहरूको प्रयोग गर्ने गरिन्छ । यसअन्तर्गत निकटवर्ती र दूरवर्ती, एकवचनात्मक र

बहुवचनात्मक, स्थानिक वा कालिक दर्शकवाचक सन्दर्भकहरू पर्दछन् । 'तस्वीर' कथामा प्रयुक्त दर्शकवाचक सन्दर्भकहरू निम्नानुसार रहेका छन् :

त्यस्तै (छ), यो (निशान्त), यस्तो (खाना नखाइ निदाउने), ती (ओठहरू), त्यो ( तस्वीर), यो (जन्ममा), यी (झल्काहरू), त्यस (दिन), त्यस (दिन), त्यो (छोरी स्मृति), यही ( एकोहोरो संवाद), यो (सम्झेर), त्यो (तस्वीर), यी (छोराछोरीलाई), त्यस (चकमन्न मध्यरातमा), त्यो (अफिस), त्यस (बेलासम्म), त्यति (बेला), त्यहाँ (बाट), यस (संसारमा), यस (शरीरलाई), त्यस (पुरुषले), त्यो (कोठा हो), यही (पढी उसले), यही (अनन्त आशा) = जम्मा २५ वटा

यसअनुसार 'तस्वीर' कथामा कुल २५ वटा दर्शकवाचक सन्दर्भकहरूको प्रयोग गरिएको पाइन्छ । कथामा प्रयोग गरिएका दर्शकवाचक सन्दर्भकहरू परिशिष्टमा उल्लेख गरिएबमोजिम कथाका विभिन्न अनुच्छेदहरूमा रहेका छन् । तिनले सन्दर्भ र प्रसङ्गअनुसार विभिन्न व्यक्ति, वस्तु वा विषयलाई निर्देशित गरेका छन् । प्रस्तुत कथाका चौंतीस वटा अनुच्छेदहरूमध्ये पाँचौं, छैटौं, सातौं, आठौं, एघारौं, तेह्रौं, चौधौं, अठारौं, बीसौं, चौबीसौं, पच्चीसौं, सत्ताईसौं, उनन्तीसौं, तीसौं, तेत्तीसौं अनुछेदहरूमा दर्शकवाचक, सन्दर्भकहरूको प्रयोग गरिएको देखिन्छ । कथामा 'कोठा हो (त्यो)' दर्शकवाचक सन्दर्भक बाहेक अन्य सबै दर्शकवाचक सन्दर्भकहरू पूर्ववर्ती विषयसन्दर्भ जनाउने गरी प्रयोगमा आएका छन् । जसमध्ये त्यो, त्यस, यो, यी, ती जस्ता सन्दर्भकहरूको बढी प्रयोग भएको पाइन्छ । प्रस्तुत कथामा प्रयुक्त दर्शकवाचक सन्दर्भकहरूले पूर्व, पश्च् विषयसन्दर्भलाई संयोजित तुल्याई कथालाई थप संसक्त तुल्याउने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।

- **तुलनात्मक सन्दर्भन**

सङ्कथन वा पाठमा प्रस्तुत व्यक्ति, वस्तु, स्थान, समय वा विषयको तुलना दर्साउने सन्दर्भक तुलनात्मक सन्दर्भक हुन् । यसअन्तर्गत सामान्य र विशिष्ट प्रारूपअन्तर्गत पर्ने पहिचानात्मक, समानार्थक, विपरीतार्थी, परिमाणात्मक एवम् गुणात्मक तुलनावाची शब्दहरू प्रयुक्त हुन्छन् । 'तस्वीर' कथामा व्यक्तिवाचक र दर्शकवाचक सन्दर्भकको तुलनामा निकै कम मात्रामा तुलनात्मक सन्दर्भकको प्रयोग गरिएको पाइन्छ । प्रस्तुत कथामा प्रयुक्त तुलनात्मक सन्दर्भकहरू निम्नानुसार रहेका छन् :

| अनुच्छेद | तुलनात्मक सन्दर्भक | सन्दर्भित एकाइ |
|---|---|---|
| ५ | जस्ताको त्यस्तै | पहिले जस्तो थ्यो त्यस्तै |
| २४ | नितान्त फरक | अफिसभन्दा फरक |
| | जम्मा | २ वटा |

जस्ताको त्यस्तै, नितान्त फरक = जम्मा २ वटा

यस अनुसार 'तस्वीर' कथामा जम्माजम्मी २ वटा तुलनात्मक सन्दर्भकहरूको प्रयोग गरिएको पाइन्छ । कथामा तुलनात्मक सन्दर्भकहरू अनुच्छेद पाँचौं र चौबीसौं अनुच्छेदमा रहेका छन् । प्रस्तुत कथामा प्रयुक्त तुलनात्मक सन्दर्भकले दुई व्यक्ति, विषय, गुण वा प्रवृत्तिलाई तुलना गरी पूर्ववर्ती विषय सन्दर्भसँग पश्चवर्ती विषय सन्दर्भलाई निर्देशित तुल्याउने कार्य गरेको देखिन्छ । कथामा प्रयुक्त तुलनात्मक सन्दर्भकले कथामा पूर्ववर्ती सन्दर्भकका रूपमा कार्य सम्पादन गरेका छन् । यी तुलनात्मक सन्दर्भकले कथाको संसक्ति सृजनामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।

समग्रतः 'तस्वीर' कथामा प्रयुक्त सन्दर्भन संसक्तिलाई निम्नानुसार तालिकामा देखाउन सकिन्छ :

तालिका १

*'तस्वीर' कथामा प्रयुक्त सन्दर्भन संसक्तिको समग्र स्थिति*

| सन्दर्भन संसक्ति | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| व्यक्तिवाचक सन्दर्भन | २०६ | ८८.४१% |
| दर्शकवाचक सन्दर्भन | २५ | १०.७२% |
| तुलनात्मक सन्दर्भक | २ | ०.८५% |
| जम्मा | २३३ | १००% |

यसप्रकार 'तस्वीर' कथामा कुल २३३ वटा सन्दर्भक संसक्तिको प्रयोग गरिएको देखिन्छ । जसमध्ये व्यक्तिवाचक सन्दर्भक संसक्तिको प्रयोग अत्यधिक अर्थात् ८८.४१% रहेको पाइन्छ भने दर्शकवाचक र तुलनात्मक सन्दर्भकको प्रयोग १०.७२% र ०.८५% रहेको देखिन्छ ।

(आ) **प्रतिस्थापन**

सङ्कथन वा पाठमा प्रयुक्त कुनै पद, पदावली वा वाक्यांशलाई जनाउन तिनका स्थानमा आउने भाषिक एकाइद्वारा सृजित हुने अवस्था नै प्रतिस्थापन हो । सङ्कथनमा यस किसिमको भूमिका प्रतिस्थापक संसक्तिले निर्वाह गरेको हुन्छ । सिद्धान्तअनुसार यसका नामिक, क्रियात्मक र उपवाक्यात्मक गरी तीन प्रकार रहेका छन् । 'तस्वीर' कथामा यी तीनै किसिमका प्रतिस्थापन संसक्तिको प्रयोग गरिएको पाइन्छ । कथामा प्रयुक्त प्रतिस्थापन संसक्ति र तिनले कथाको संरचनालाई सम्बद्ध तुल्याउन खेलेको भूमिकाको अध्ययन निम्नानुसार गरिएको छ :

- **नामिक प्रतिस्थापन**

सङ्कथनमा नाम पद वा पदावलीका सट्टा आई सोहीअनुरूपको कार्य सम्पादन गर्ने संसक्ति नामिक प्रतिस्थापक हुन् । 'तस्वीर' कथामा पर्याप्त मात्रामा नामिक प्रतिस्थापकको प्रयोग गरिएको पाइन्छ । प्रस्तुत कथामा प्रयोग गरिएका नामिक प्रतिस्थापकहरू निम्नानुसार रहेका छन् :

बच्चाहरू, बिचरा, बालक, बाबा, झल्काहरू, अभागी, बालाहरू, बालाहरू, सन्तान, मुटुका टुक्राहरू, मेडम, बाबा, राजा, भगवान, हृदयनाथ, बाबा, प्राणनाथ, बाबा, बालकहरू, मम्मी । = २१ वटा

यसअनुसार 'तस्वीर' कथामा जम्माजम्मी २१ वटा नामिक प्रतिस्थापकहरूको प्रयोग गरिएको देखिन्छ । कथामा प्रयोग गरिएका उल्लिखित नामिक प्रतिस्थापकहरू परिशिष्टमा उल्लेख गरिएबमोजिम कथाका विभिन्न अनुच्छेदमा प्रयोग गरिएका छन् । वस्तुतः कथाका पाँचौं, छैटौं, आठौँ, एघारौँ, पन्ध्रौं, सोह्रौं, अठारौं, उन्नाईसौं, पच्चीसौं, सत्ताईसौं, तेत्तीसौ. अनुच्छेदमा नामिक प्रतिस्थापक रहेका छन् । कथामा विजय र छोराछोरीलाई बढी मात्रामा प्रतिस्थापित गरेको छ । ती नामिक प्रतिस्थापकहरूले कथामा संसक्ति सृजनामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।

- **क्रियात्मक प्रतिस्थापन**

वाक्यमा रहेको कुनै क्रियाका सट्टामा अर्को क्रिया आई प्रयुक्त क्रियालाई प्रतिस्थापन गर्नु क्रियात्मक प्रतिस्थापन हो । क्रियात्मक प्रतिस्थापनका लागि प्रयोग हुने त्यस्तो क्रियालाई क्रियात्मक प्रतिस्थापक भनिन्छ । क्रियात्मक प्रतिस्थापकले वाक्यमा प्रयुक्त क्रियाकै अर्थको भूमिका निर्वाह गर्दछ । 'तस्वीर' कथामा क्रियात्मक प्रतिस्थापकको न्यून

मात्रामा प्रयोग गरिएको पाइन्छ । कथामा प्रयुक्त क्रियात्मक प्रतिस्थापकहरू निम्नानुसार रहेका छन् :

| अनुच्छेद | क्रियात्मक प्रतिस्थापक | प्रतिस्थापित क्रिया |
|---|---|---|
| ५ | भुनभुनाउँछे | कराउँछे |
| २२ | छोड्नुपऱ्यो | हात धुनुपऱ्यो |
| | जम्मा | २ वटा |

भुनभुनाउँछे, छोड्नुपऱ्यो । = जम्मा २ वटा

यसअनुसार 'तस्वीर' कथामा कुल २ वटा क्रियात्मक प्रतिस्थापकको प्रयोग गरिएको देखिन्छ । कथामा प्रयुक्त उल्लिखित क्रियात्मक प्रतिस्थापकहरू कथाका पाँचौं र बाइसौं अनुच्छेदमा प्रयोग गरिएका छन् । यी क्रियात्मक प्रतिस्थापकले कथालाई व्याकरणिक रूपमा संसक्तिपूर्ण तुल्याउनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

- उपवाक्यात्मक प्रतिस्थापन

सङ्कथन वा पाठमा प्रयुक्त उपवाक्य वा वाक्यलाई स्थानापन्न गर्ने संसक्तियुक्ति उपवाक्यात्मक प्रतिस्थापक हुन् । यसबाट एउटा सिङ्गो उपवाक्य वा वाक्यखण्ड नै प्रतिस्थापित हुन्छ । वस्तुतः उपवाक्यात्मक प्रतिस्थापकको प्रयोग सम्बन्धित उपवाक्यबाहिर हुने हुन्छ । 'तस्वीर' कथामा प्रयुक्त उपवाक्यात्मक प्रतिस्थापक निम्नानुसार रहेका छन् :

| अनुच्छेद | उपवाक्यात्मक प्रतिस्थापक | प्रतिस्थापित उपवाक्य |
|---|---|---|
| ३ | भुस भएको थियो । | निदाएको थियो । |
| ४ | किन यस्तो गर्छन् | खाना नखाइकन सुत्ने गर्छन् |
| २० | यति (भनेर) | तपाइँ छनोट हुनुभएको छ (भनेर) |
| | जम्मा | ३ वटा |

भुस भएको थियो, किन यस्तो गर्छन्, यति भनेर । = जम्मा ३ वटा

यसप्रकार 'तस्वीर' कथामा कुल ३ वटा उपवाक्यात्मक प्रतिस्थापकहरूको प्रयोग गरिएको पाइन्छ । कथामा प्रयुक्त उल्लिखित उपवाक्यात्मक प्रतिस्थापकहरू कथामा तेस्रो, चौंथो र बीसौं अनुच्छेदमा प्रयोग भएका छन् । कथामा प्रयोग गरिएका उपवाक्यात्मक प्रतिस्थापकहरूले पूर्ववर्ती उपवाक्यलाई सोही रूपमा दर्साएर कथामा पूर्व पश्च विषयलाई संयोजन गर्ने कार्य गरेकाले कथामा संसक्ति सिर्जनामा यिनको भूमिका महत्त्वपूर्ण रहेको देखिन्छ ।

समग्रतः 'तस्वीर' कथामा प्रयुक्त प्रतिस्थापन संसक्तिको अवस्थालाई निम्नानुसार देखाउन सकिन्छ :

तालिका २

*'तस्वीर' कथामा प्रयुक्त प्रतिस्थापन संसक्तिको समग्र स्थिति*

| प्रतिस्थापन संसक्ति | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नामिक प्रतिस्थापक | २१ | ८०.७६% |
| क्रियात्मक प्रतिस्थापक | २ | ७.६९% |
| उपवाक्यात्मक प्रतिस्थापक | ३ | ११.५३% |
| जम्मा | २६ | १००% |

यसप्रकार 'तस्वीर' कथामा प्रतिस्थापन संसक्ति तीन प्रकारको जसमा नामिक प्रतिस्थापकको अत्यधिक अर्थात् ८०.७६% प्रयोग भएको देखिन्छ भने उपवाक्यात्मक र क्रियात्मक प्रतिस्थापनको प्रयोग क्रमशः ७.६९ र ११.५३ प्रतिशत रहेको पाइन्छ ।

(इ) लोप

सङ्कथन वा पाठमा प्रयुक्त कुनै पद, पदावली वा वाक्यांशलाई शून्य रूपमा दर्साउनु लोप हो । यो मूलतः कुनै विषयको व्याख्या वा कथनपछि घटित हुने रिक्त स्थान हो । जहाँ

आउनुपर्ने एकाइको अनुपस्थिति रहन्छ । वस्तुतः लोप संसक्तिका नामिक, क्रियात्मक र उपवाक्यात्मक लोप गरी तीन भेद रहेका छन् । 'तस्वीर' कथामा यी तीनै प्रकृतिका विलोपनको प्रयोग गरिएको पाइन्छ । जसको अध्ययन विश्लेषण निम्नानुसार  गरिएको छ :

- **नामिक लोप**

सङ्कथनमा प्रयुक्त कुनै नाम वा नाम पदावलीको लोप हुनु नामिक लोप हो । यसमा पूर्व प्रस्तुत शीर्ष नामको लोप भई त्यसको रिक्त स्थान कायम रहेको हुन्छ । यस क्रममा शीर्षको लोपका रूपमा कार्य गर्न विशेषक एकाइहरू प्रयुक्त हुन्छन् । कथाका सन्दर्भमा सन्दर्भ अनुसार विभिन्न नामिक शब्दहरूको लोप हुने हुन्छ । 'तस्वीर' कथामा निम्नानुसारका नामिक पदहरू लोप भएका छन् :

उनका, अमरकेती, अमरकेतीको, ऊ, उनीहरूले, उनीहरूका, विजयले, उनीहरूलाई, विजय, विजयको, स्मृतिले, अमरकेतीको, अमरकेती, छोरी, तिमीलाई, तिमीलाई, म, छोरी, अमरकेतीले, तिमीहरूलाई, तिमीहरूका, अमरकेतीले उसले, उसले, ऊ, अमरकेती, उसले, उसलाई, उसले, ऊ, त्यो, त्यो, उक्त, म, म, तपाइँलाई, ऊ, ऊ, उसले, मैले, मैले, मैले, म, मलाई, म, ऊ, ऊ । = जम्मा ४७ वटा

यसअनुसार 'तस्वीर' कथामा कुल ४७ वटा नामिक शब्दहरूको लोप भएको पाइन्छ । कथामा प्रयुक्त लोप परिशिष्टमा उल्लेख गरिएबमोजिम कथाका विभिन्न अनुच्छेदहरूमा देख्न सकिन्छ । वस्तुतः प्रस्तुत कथामा नामिक शब्दहरू (नाम, सर्वनाम) को लोप भएको देखिन्छ । कथामा लोप भएका नामिक शब्दहरू कथाका पूर्व वाक्यमा प्रयुक्त नामिक पद तथा सन्दर्भअनुसार पहिचान गर्न सकिन्छ । कथामा विषयवस्तुलाई सङ्क्षिप्त तुल्याउन र भाषिक प्रयोगको प्रकृतिलाई व्यावहारिक रूप प्रदान गर्न नामिक लोपबाट सहायता पुगेको पाइन्छ । अन्य लोपको तुलनामा अत्यधिक प्रयोग गरिएको नामिक लोपले

कथामा प्रस्तुत विषयवस्तुको बोधमा सहजता सृजना गरी पूर्वप्रस्तुत नामिक शब्द वा सन्दर्भमा रिक्तता छाडी कथागत विषय प्रसङ्गलाई संयोजन गर्न मद्दत पुऱ्याएकाले प्रस्तुत कथामा संसक्ति सृजनार्थ नामिक लोपको महत्त्वपूर्ण भूमिका रहेको छ ।

- क्रियात्मक लोप

साङ्कथनिक वाक्यमा प्रयुक्त कुनै क्रियाको लोप हुनु क्रियात्मक लोप हो । यसमा लोप भएको क्रियाको पहिचान गर्न पूर्व वाक्यमा भर पर्नुपर्ने हुन्छ । क्रियात्मक लोप युक्त वाक्यीय संरचना व्यवस्थित रूपमा पूर्णतः उपस्थित हुँदैन । तथापि उक्त संरचनाबाट वक्ताको भाव वा आशय बोध गर्न सकिन्छ । 'तस्वीर' कथामा केही मात्रामा क्रियात्मक लोप प्रयोग गरिएको देखिन्छ । जसलाई पूर्व वाक्यगत सन्दर्भका आधारमा पहिचान गर्न सकिन्छ । प्रस्तुत कथामा रहेका क्रियात्मक लोपहरू निम्नानुसार रहेका छन् :

- भर्खरै रोएजस्ता (थिए) । (अ. ३०)
- स्मृतिले भाइलाई ख्वाएर सुताए पनि हुने (थियो) । (अ. ५)
- बिचरा ! कति मायालाग्दो अनुहार (छ) । (अ. ५)
- नितान्त फरक (थियो) । (अ. २४)
- एकदम सुनसान (थियो) । (अ. २४)
- एकान्त र निर्जन (थियो) । (अ. २४)

थिए, थियो, छ, थियो, थियो, थियो । जम्मा ६ वटा ।

यसअनुसार 'तस्वीर' कथामा जम्माजम्मी छवटा क्रियात्मक लोप रहेको देखिन्छ । कथामा रहेका उल्लिखित विलोपनहरू कथाका तेस्रो, पाँचौं, पाँचौं, चौबीसौ, चौबीसौ, चौबीसौं अनुच्छेदमा रहेका छन् । प्रस्तुत कथाका तथोक्त वाक्यहरूमा लुप्त रहेका

क्रियापदहरूलाई कथामा प्रस्तुत विषयसन्दर्भ र आशयका आधारमा पहिचान गर्न सकिन्छ । कथामा प्रयुक्त लुप्त क्रियाहरू लोप हुँदा पनि व्यक्त भाव वा आशयको बोध गर्न सकिन्छ । कथामा लुप्त रहेका क्रियात्मक लोपबाट 'तस्वीर' कथामा व्यक्त विषय प्रसङ्गलाई सही रूपमा ग्रहण गर्न र कथालाई सङ्क्षिप्त तुल्याउन मद्दत पुगेको देखिन्छ । जसको परिणामस्वरूप प्रस्तुत कथा थप संसक्त बन्न पुगेको छ ।

- उपवाक्यात्मक लोप

सङ्कथनमा प्रयुक्त उपवाक्य वा वाक्यांशको लोप हुनु नै उपवाक्यात्मक लोप हो । यसमा उपवाक्यमा अन्तर्निहित उद्देश्य र विधेय खण्डअन्तर्गतका एकाधिक तत्त्वहरूको लोप हुने गर्दछ । उपवाक्यात्मक लोप पहिचानका लागि पाठको पूर्वप्रसङ्गसँग परिचित हुनु आवश्यक हुन्छ । 'तस्वीर' कथामा केही उपवाक्यात्मक लोपको स्थिति देख्न सकिन्छ । प्रस्तुत कथामा प्रयुक्त उपवाक्यात्मक लोपलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- सक्दिनँ छोरी, सक्दिनँ । (म तिमीलाई तिम्रा बाबा दिन सक्दिनँ । (अ. १५)
- मामुले त जति भने पनि मान्नु नै हुन्न । (साइकल किन्न मान्नु हुन्न) (अ. १८)
- आज नसके भोलिसम्म (जवाफ दिनुहोस्) (अ. २५)
- अहँ, सक्दिन (कसैको अगाडि नाङ्गिन सक्दिन) ।  (अ. ३२)
- अहँ भन्न  सकेनन (मम्मी भैगो, अब नजानुहोस्) । (अ( ३४)

म तिमीलाई तिम्रा बाबा दिन सक्दिनँ, साइकल किन्न मान्नुहुन्न, जवाफ दिनुहोस्, कसैको अगाडि नाङ्गिन सक्दिन, मम्मी भैगो अब नजानुहोस् । जम्मा : ५ वटा

यसप्रकार 'तस्वीर' कथामा कुल ५ वटा उपवाक्यात्मक लोप रहेको पाइन्छ । कथामा रहेका उल्लिखित उपवाक्यात्मक लोपहरू कथाका पन्ध्रौं, अठारौं, पच्चीसौं, बत्तीसौं, चौतीसौं

अनुच्छेदमा रहेका छन् । माथिको तालिकामा उल्लिखित उपवाक्यात्मक लोपहरू कथामा प्रस्तुत पूर्वसन्दर्भ, घटना, प्रसङ्ग वा विषयवस्तुका आधारमा अध्ययन गर्न सकिन्छ । यीबाट कथामा व्यक्त विषयवस्तुलाई उपयुक्त रूपमा प्रस्तुत गर्न र बोध गर्न सम्भव भएको छ । यिनले कथाको संसक्ति सृजनामा महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

समग्रतः 'तस्वीर' कथामा प्रयुक्त लोप संसक्तिलाई निम्नानुसार देखाउन सकिन्छ :

तालिका ३

*'तस्वीर' कथामा प्रयुक्त लोप संसक्ति*

| लोप संसक्ति | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| नामिक लोप | ४७ | ८१.०३ |
| क्रियात्मक लोप | ६ | १०.३५ |
| उपवाक्यात्मक लोप | ५ | ८.६२ |
| जम्मा | ५८ | १०० |

यसअनुसार 'तस्वीर' कथामा प्रयुक्त लोप संसक्तिमध्ये नामिक लोपको प्रयोग अन्य लोपका तुलनामा अत्यधिक अर्थात् ८१.०३% रहेको पाइन्छ भने क्रियात्मक र उपवाक्यात्मक लोपको प्रयोग क्रमशः १०.३४% र ८.६२% रहेको देख्न सकिन्छ ।

(इ) **संयोजन**

सङ्कथन वा पाठमा प्रयुक्त वाक्यांश वा वाक्यलाई परस्परमा जोड्नु नै संयोजन हो । सङ्कथनमा यस किसिमको भूमिका संयोजकले निर्वाह गरेका हुन्छन् । संयोजनलाई व्याकरणिक संसक्तिका चार प्रकारमध्येको अन्तिम प्रकारका रूपमा लिइन्छ । यसका योगात्मक, विपरीतार्थक, कारणात्मक र कालिक संयोजन गरी चार प्रकार रहेका छन् ।

'तस्वीर' कथामा यी चारै प्रकारका संसक्तिको प्रयोग गरिएको पाइन्छ । प्रस्तुत कथामा प्रयुक्त संयोजन संसक्तिलाई यसका भेदअनुसार निम्नानुसार व्याख्या गरिएको छ :

- **योगात्मक संयोजन**

सङ्कथनमा प्रस्तुत विषय, घटना वा विचारमा अतिरिक्त सूचना थपोटका लागि प्रयोग गरिने संयाजकबाट सृजित संयोजन योगात्मक संयोजन हो । यसअन्तर्गत र, पनि, अथवा, वा अर्कातिर, त्यसैगरी आदि संयोजकहरूको प्रयोग हुन्छ । 'तस्वीर' कथामा प्रयुक्त योगात्मक संयाजकहरू निम्नानुसार रहेका छन् :

पनि, पनि, र, र, र, र, र, र, र, र, पनि, र, पनि, पनि, पनि, र, पनि, र, र, पनि, पनि, र, र, पनि, पनि, र, र, र, र, पनि, र, र,र,र,र, पनि, पनि, पनि, पनि, पनि, र, र, र, र, र, र, पनि, र, र, र, र, र, र, र, पनि, र, र, र, र, र, र, र, र, र, पनि, पनि, पनि, पनि, पनि, पनि, पनि /जम्मा ७२ वटा

यसप्रकार 'तस्वीर' कथामा कुल ७२ वटा योगात्मक संयोजकहरूको प्रयोग भएको पाइन्छ । कथामा प्रयुक्त योगात्मक संयोजकहरू परिशिष्टमा उल्लेख गरिएबमोजिम कथाका विभिन्न अनुच्छेदहरूमा रहेका छन् । मुख्यगरी कथाका  पाँचौं, छैटौं, सातौं, आठौं, नवौं, दसौं, एघारौं, बाह्रौं, तेहौं, पन्ध्रौं, सोह्रौं, अठारौं, उन्नाईसौं, बीसौं, एक्काईसौ, बाईसौ, चौबीसौं, पच्चीसौं, छब्बीसौं, सत्ताईसौं, अठ्ठाईसौं, तीसौं, एकतीसौं, तेत्तीसौं, अनुच्छेदमा योगात्मक संयोजकहरूको प्रयोग गरिएको पाइन्छ । प्रस्तुत कथामा प्रयुक्त योगात्मक संयोजकहरूले पूर्ववर्ती वाक्यमा  निहित कुरामा अतिरिक्त सूचना थपोटको कार्य सम्पादन गरेका छन् । वाक्यमा प्रस्तुत पूर्ववर्ती र उत्तरवर्ती विषयवस्तुलाई संयोजन गरी कथालाई सम्बद्ध तुल्याउन महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

- **विपरीतार्थी संयोजन**

सङ्कथन वा पाठमा प्रस्तुत विचार वा अभिव्यक्तिको विपरीत अर्थ द्योतन गर्न प्रयोग गरिने संयोजकबाट सृजित संयोजन विपरीतार्थी संयोजन हो । यसअन्तर्गत तर, तापनि, भए पनि, केबल, बरु, अर्कोतर्फ, जे भए पनि, जसरी पनि आदि संयोजकको प्रयोग हुन्छ । 'तस्वीर' कथामा प्रयुक्त विपरीतार्थी संयोजकहरू निम्नानुसार रहेका छन् :

तर, तर, केवल, भए पनि, परन्तु, तर, जसरी पनि, तर, तर, तर, तर, परन्तु = जम्मा १२ वटा

यसअनुसार 'तस्वीर' कथामा कुल १२ वटा विपरीतार्थी संयोजकहरूको प्रयोग गरिएको देखिन्छ । कथामा प्रयुक्त उल्लिखित विपरीतार्थी संयोजकहरूको प्रयोग कथाका विभिन्न अनुच्छेदहरूमा प्रयोग भएका छन् । खासगरी कथाका बाह्रौं, पन्ध्रौं, अठारौं, बीसौ., एक्काइसौं, चौबीसौं, पच्चीसौ., अनुच्छेदमा विपरीतार्थी संयोजकहरूको प्रयोग गरिएको छ । प्रस्तुत कथामा प्रयुक्त उल्लिखित विपरीतार्थी संयोजकहरूले कथामा पूर्व र पश्च रूपमा प्रस्तुत विषय सन्दर्भलाई विपरीतार्थी रूपमा संयोजन गर्ने कार्य सम्पादन गरेका छन् । जसबाट कथाको संसक्ति सृजनार्थ महत्त्वपूर्ण भूमिका निर्वाह भएको पाइन्छ ।

- **कारणात्मक संयोजन**

सङ्कथनमा प्रस्तुत उपवाक्य वा वाक्यबीच कार्यकारण सम्बन्ध स्थापित गर्ने संयोजकद्वारा सृजित संयोजक कारणात्मक संयोजन हो । कारणात्मक संयोजनमा प्रयुक्त हुने संयोजकले कारण, परिणाम वा हेतुलाई मुख्यतः जनाउँदछ । यसअन्तर्गत त्यसैले, तसर्थ, त्यसकारण, किनकि, किनभने, भनी, भन्ने, भनेर जस्ता संयोजकहरू पर्दछन् । 'तस्वीर' कथामा प्रयुक्त कारणात्मक संयोजकहरू निम्नानुसार रहेका छन् :

भनेर, मानौंकि, अन्यथा, भनेर, उसोभए, भनेर, भनेर, भनी, किनकि, भनी, भनेर, भने, भने, भन्ने । = जम्मा १४ वटा

यसअनुसार 'तस्वीर' कथामा जम्माजम्मी १६ वटा कारणात्मक संयोजकको प्रयोग गरिएको देखिन्छ । कथामा प्रयोग गरिएका उल्लिखित कारणात्मक संयोजकहरू परिशिष्टमा उल्लेख गरिएबमोजिम कथाका विभिन्न अनुच्छेदहरूमा रहेका छन् । कथाका सातौँ, दशौं, पन्ध्रौं, सोह्रौं, सत्रौं, अठारौँ, चौबीसौ, पच्चीसौँ, अठ्ठाईसौं, उनन्तीसौं अनुच्छेदहरूमा कारणात्मक संयोजक प्रयोग गरिएको पाइन्छ । यी संयोजकले पूर्व पश्च घटना प्रसङ्गलाई कारणकार्य वा कार्यकारण रूपमा योजन गरेका हुन्छन् । कथामा विषयवस्तु संयोजन गर्ने भूमिकामा रहेका कारणहरू संयोजकबाट कथा थप संसक्तिपूर्ण बनेको देखिन्छ ।

- **कालिक संयोजन**

सङ्कथनमा प्रस्तुत घटना वा विचारका बीच समयगत सम्बन्ध कायम गर्ने संयोजकबाट सृजित संयोजन कालिक संयोजन हो । यसमा काल वा समयबोधक संयोजकहरूको प्रयोग हुन्छ । यसअन्तर्गत त्यसपछि, पहिले, त्यस समयमा, अब, अर्कोपटक, हालै आदि संयोजकहरू प्रयोग आउँछन् । 'तस्वीर' कथामा प्रयुक्त कालिक संयोजकहरू निम्नानुसार रहेका छन् :

एघार बजेतिर, फर्केपछि, सातौँ दिनमा, सातौँ वर्षसम्म, हरेक विहानीमा, हरेक दिन, दिनहुँ, भर्खरै, यो जन्ममा, जुनी जुनीसम्म, लाखौँ जुनीसम्म, छोटो अवधिमै, एकैदिन, भोलिपल्ट, हरपल, हरक्षण, हरदिन, पल, क्षण, दिन, महिना, वर्ष, त्यस दिन, चौथो जन्मदिन, अबेरसम्म, आधारातमा, त्यस दिन, जन्मदिनको, आज, एक हप्तादेखि, एक महिनादेखि, चारदिनदेखि, आज, कैले, एकपल्ट, एकपल्ट, गरिसकेपछि, एकपटक, चलेपछि, आएपछि, एकपल्ट, त्यस मध्यरात्रीमा, मध्यरातमा, दिनहरू, तीन वर्षदेखि, आज बिहान, तीन वर्षअघि,

तीन महिनाको, जहिले पनि, दुई महिनामै, तीन महिनादेखि, अन्तमा, चारबजेसम्म, त्यस बेलासम्म, आज, आज, भोलिसम्म, अन्तिम, रातभर, विगतका, कहिल्यै, सोह्र वर्ष अघिको, निष्कर्षमा, हरेक दिन, त्यसभन्दा अघि, अब, अब, अब, अब । = जम्मा ६९ वटा

यसअनुसार 'तस्वीर' कथामा कुल ६९ वटा कालिक संयोजक प्रयोग गरिएको पाइन्छ । कथामा प्रयोग गरिएका कालिक संयोजकहरू परिशिष्टमा उल्लेख गरिएबमोजिम विभिन्न अनुच्छेदहरूमा रहेका छन् । खासगरी कथाका दोस्रो, छैटौं, सातौं, आठौं, नवौं, बाह्रौं, तेह्रौं, चौधौं, सत्रौं, अठारौं, उन्नाइसौं, बीसौं, एक्काईसौं, बाईसौं, तेइसौं, पच्चीसौं, सत्ताईसौं, अठ्ठाईसौं, उनन्तीसौं, एकतीसौं, चौंतीसौं अनुच्छेदहरूमा कालिक संयोजक रहेका छन् । प्रस्तुत कथामा प्रयुक्त संयोजकहरूले विभिन्न घटना, प्रसङ्गलाई संयोजन गर्ने कार्य गरेका छन् । जसको परिणामस्वरूप कथामा निहित पूर्वप्रस्तुत घटना प्रसङ्ग र पश्चप्रस्तुत घटनाप्रसङ्गका बीच समयगत सिलसिला कायम हुन पुगेको छ । फलतः प्रस्तुत कथा संसक्तिका दृष्टिले उपयुक्त बन्न पुगेको छ ।

समग्रतः 'तस्वीर' कथामा प्रयुक्त संयोजन संसक्तिको समग्र स्थितिलाई निम्नानुसार देखाउन सकिन्छ :

तालिका ४

*'तस्वीर' कथामा प्रयुक्त संयोजन संसक्तिको समग्र स्थिति*

| संयोजन सम्बद्ध | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| योगात्मक संयोजक | ७२ | ४२.११% |
| विपरीतार्थी संयोजक | १४ | ८.१९% |
| कारणात्मक संयोजक | १६ | ९.३६% |
| कालिक संयोजक | ६९ | ४०.३५% |
| जम्मा | १७१ | १००% |

यसप्रकार 'तस्वीर' कथामा प्रयुक्त संयोजन संसक्तिमध्ये सबैभन्दा बढी योगात्मक संयोजकको प्रयोग ४२.११% रहेको देखिन्छ भने कालिक संयोजक, कारणात्मक संयोजक, विपरीतार्थी संयोजकको प्रयोग क्रमशः ४०.३५%, ९.३६% र ८.१९% रहेको पाइन्छ ।

तालिका ५

*'तस्वीर' कथामा प्रयुक्त व्याकरणिक संसक्तिको समग्र स्थिति*

| व्याकरणिक संसक्ति | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| सन्दर्भन | २३३ | ४७.७४% |
| प्रतिस्थापन | २६ | ५.३३% |
| विलोपन | ५८ | ११.८९% |
| संयोजन | १७१ | ३५.०८% |
| जम्मा | ४८८ | १००% |

यसप्रकार 'तस्वीर' कथामा सन्दर्भन व्याकरणिक सबद्धकको प्रयोग अत्यधिक अर्थात् ४७.७४% रहेको पाइन्छ भने संयोजन, विलोपन र प्रतिस्थापन क्रमशः ३५.०४%, ११.८९% र ५.३३% रहेको देखिन्छ ।

(ख) **कोशीय संसक्ति**

सङ्कथनमा प्रयुक्त कोशीय वा शाब्दिक एकाइद्वारा सृजित संसक्ति नै कोशीय संसक्ति हो । कोशीय संसक्तिलाई अव्याकरणिक युक्तिका रूपमा लिइन्छ । जसले सङ्कथनमा प्रस्तुत विचार वा घटनाको योजनामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । यसअन्तर्गत पुनरुक्ति र सन्निधान गरी दुई प्रकार पर्दछन् । 'तस्वीर' कथामा यी दुबै संसक्तिको प्रयोग भएको पाइन्छ । कथामा प्रयुक्त यी दुबै संसक्तिको विश्लेषण निम्नानुसार गरिएको छ :

(अ) **पुनरुक्ति**

पुनरुक्ति सङ्कथनमा प्रयुक्त कोशीय एकाइको पुनर्कथन हो । यसमा कोशीय एकाइलाई जस्ताको तस्तै आवृत्ति गरेर, समानार्थ वा विपरीतार्थी शब्दद्वारा दर्साएर, समावेशी, समावेश्य वा अङ्गी-अङ्ग सम्बन्ध कायम गरेर सङ्कथनलाई संसक्तिपूर्ण तुल्याउने कार्य गरिन्छ । यसका पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशी-समावेश्य र अङ्गी-अङ्ग गरी पाँच भेद रहेका छन् । 'तस्वीर' कथामा प्रयुक्त पुनरुक्तिको अध्ययन विश्लेषण निम्नानुसार गरिएको छ :

- **पुनरावृत्ति**

सङ्कथनमा प्रयुक्त कोशीय एकाइको आवृत्ति हुनु पुनरावृत्ति हो । यसअन्तर्गत समान कोशीय एकाइको आवृत्तिलाई लिइन्छ । 'तस्वीर' कथामा कोशीय एकाइहरूको पर्याप्त आवृत्ति भएको पाइन्छ ।

वस्तुतः 'तस्वीर' कथामा एक वा अनेक शब्दको एक वा अनेक पटक गरी भएको आवृत्ति सङ्ख्या ४१२ देखापर्छ । कथामा आवृत्त शब्दहरू परिशिष्टमा उल्लेख गरिएबमोजिम विभिन्न अनुच्छेदहरूमा रहेका छन् । कथामा आवृत्त कोशीय शब्दहरूलाई हेर्दा सबैभन्दा बढी सत्ताईसौं अनुच्छेदमा आवृत्ति (३६) रहेको पाइन्छ भने सर्वाधिक आवृत्त शब्दका रूपमा स्मृति र अमरकेती (१०/१० पटक) रहेको देखिन्छ । कथामा आवृत्त कोशीय शब्दहरूलाई सूक्ष्म रूपमा नियाल्दा मुख्य घटनासँग सम्बन्धित पात्र वा विषयको अधिक आवृत्ति भएको पाइन्छ । समग्र कथाका सन्दर्भमा मुख्य विषयसम्बद्ध आवृत्ति भएको पाइन्छ । समग्र कथाका सन्दर्भमा मुख्य विषय सम्बद्ध आवृत्ति बढी रहने पाइन्छ भने अनुच्छेदगत सन्दर्भमा अनुच्छेदिक विषय प्रसङ्गजनित शब्दको आवृत्ति बढी पाइन्छ । जसबाट कथाको संसक्ति सृजनामा महत्त्वपूर्ण सहयोग पुगेको देखिन्छ ।

- पर्यायवाची

सङ्कथनमा प्रयुक्त कोशीय एकाइका बीचको समानार्थी सम्बन्ध नै पर्यायवाची हो । यसबाट साङ्कथनिक अभिव्यक्तिमा एउटै कोशीय एकाइको आवृत्ति हटाउन र भाषाको विशाल शब्दभण्डारबाट मिल्दो शब्द चयन गरी आशय व्यक्त गर्न सघाउ पुग्ने हुन्छ । पर्यायवाची शब्दहरू सङ्कथनको जुनसुकै स्थानमा पनि प्रयोगयोग्य हुन्छन् । यिनले जनाउने अर्थ सम्बन्धित व्यक्ति, वस्तु वा विषय सम्बद्ध हुनुपर्ने हुन्छ । 'तस्वीर' कथामा प्रयुक्त पर्यायवाची शब्दहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- निदाइसकेको - सुतेको (अ. २)
- भुनभुनाउनु - कराउनु (अ. ५-१७)
- आमा - मम्मी, मामु (अ. १-१८-३३)
- केटाकेटीहरू - छोराछोरीहरू, सन्तानहरू (अ. २-१६-१८)
- दिनहुँ - हरदिन (अ. ८-९)
- दह्रो हुनु - दृढता व्यक्त गर्नु (अ. १८)
- रहर - इच्छा (अ. १८)
- हरपल- हरक्षण (अ. ९)
- जुनी -जिन्दगी (अ. ८)
- पति - लोग्ने (अ. ७-११)
- तनाव - छटपटी (अ. २०)
- काम - जागिर (अ. २०-२१)
- एकान्त - निर्जन (अ. २४)

- माया - प्रेम (अ( २७)
- चाहना - आकाङ्क्षा (अ. २७)
- गाह्रो - कष्टदायी (अ. २४)
- आभास - महसुस (अ. ३१)
- अगाडि- अघि (अ २८-३४)
- मात्र - केवल (अ. २-१८)
- अनायास - एकाएक (अ. ५-३१)
- अनुहार - रूप (अ. ६-३०)
- अनन्त - अन्तहीन (अ. ३५)। जम्माजम्मी - २२ वटा

यसप्रकार 'तस्वीर' कथामा माथि उल्लेख गरिएबमोजिम निदाइसकेको, भुनभुनाउनु, आमा, केटाकेटीहरू, दिनहुँ, दह्रो हुनु, रहर, हरपल, जुनी, पति, तनाव, काम, एकान्त, माया, चाहना, गाह्रो, आभास, अगाडि, मात्र, अनायास, अनुहार र अनन्त गरी तेईस वटा शब्दहरूका पर्यायवाची शब्दहरू प्रयोग गरिएको पाइन्छ। कथामा प्रयुक्त यी सबै पर्यायवाची शब्दहरूले प्रस्तुत व्यक्ति, विषय, वस्तु या भावलाई सोही रूपमै द्योतन गरी आशयगत सिक्रीको सृजना गरेकाले कथामा संसक्ति सृजनार्थ प्रयुक्त पर्यायवाची शब्दहरूको भूमिका महत्त्वपूर्ण देखिन्छ।

- विपरीतार्थी

सङ्कथनमा प्रयुक्त कोशीय एकाइका बीचको उल्टो सम्बन्ध विपरीतार्थी हो। यसले भाषिक एकाइका बीच विरोधी सम्बन्ध स्थापित गर्दछ। विपरीतार्थी कोशीय संसक्तिको प्रयोग सङ्कथन वा पाठमा अनुच्छेदान्तरिक एवम् अन्तरअनुच्छेदीय रूपमा हुन्छ। वस्तुतः

सङ्कथनको पूर्व भागमा प्रयुक्त शब्दको विपरीत शब्द पश्च वाक्यमा प्रयोग हुँदा विपरीतार्थी संसक्तिको सृजना हुन्छ । 'तस्वीर' कथामा प्रयुक्त विपरीतार्थी शब्दहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

- अनायास - सुस्तरी (अ. ७)
- जुनी-जुनीसम्म - छोटो अवधिमै (अ. ८)
- नयाँ-पुरानो (अ. ७-८)
- चिसो-तातो (अ. ५-१९)
- दिनहुँ-एकैदिन (अ. ८-९)
- आइपुगेन - आइपुग्यो (अ. १३)
- दिन सक्छु - दिन सक्दिनँ (अ. १५)
- पूरा-अपुरो (अ. ९-१८)
- छोरा- छोरी (अ. १३-१५)
- गहिरो निद्रा- निद्रा हराम (अ. २०)
- दिन - रात (अ. २०)
- कहिल्यै- सधैँ (अ. २७-२८)
- घुम्नु - अटल (अ. ३१-३३)
- शिर-पैतला (अ. २४)
- सानो- ठूलो (अ. २४-३३)
- आमा- बाबा (अ. ६-१८) । जम्माजम्मी १६ वटा

यसअनुसार 'तस्वीर' कथामा कुल सोह्रवटा शब्दका विपरीतार्थी शब्दहरू प्रयोग गरिएको पाइन्छ । जसअन्तर्गत अनायास, जुनी-जुनीसम्म, नयाँ, चिसो, दिनहुँ, आइपुगेन, दिन सक्छु, पूरा, छोरा, गहिरो निद्रा, दिन, कहिल्यै, घुम्नु, शिर, सानो, आमा शब्दहरू रहेका छन् । प्रस्तुत कथामा उल्लिखित शब्दका विपरीतार्थी शब्दहरूको प्रयोग मूलतः अन्तरअनुच्छेदीय रूपमा र अंशतः अनुच्छेदान्तरिक रूपमा  गरिएको छ । कथामा प्रयुक्त विपरीतार्थी शब्दहरूले पूर्ववर्ती विचार वा आशयलाई पश्चवर्ती विचार वा भावसँग संयोजन गर्ने कार्य सम्पादन गरेको देखिन्छ । जसबाट कथामा संसक्ति कायम भएको देखिन्छ ।

- **समावेशी- समावेश्य**

सङ्कथनमा प्रयुक्त समावेशक र समावेशित शब्दका बीचको सम्बन्धलाई समावेशी-समावेश्य भनिन्छ । समावेशी शब्दले आफूअन्तर्गत विभिन्न शब्दहरूलाई समेट्न सक्ने जातीय प्रवृत्तिलाई दर्साउँछ । यस सम्बन्धलाई सामान्य- विशिष्ट वा उच्च-निम्न सम्बन्धका रूपमा पनि व्यवस्था गर्न सकिन्छ । सङ्कथनमा विचार वा विषय प्रस्तुतिका क्रममा समावेशी, समावेश्य शब्दहरूको प्रयोग गरिन्छ । 'तस्वीर' कथामा प्रयुक्त समावेशी शब्द र तिनअन्तर्गत समाहित समावेशित शब्दहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :

- खाना - भात
- अनुहार - मुख
- दिन - तीन दिन, सातौं दिन, हरेक दिन, एकै दिन, हरदिन, त्यस दिन, एक दिन, चार दिन, तीन महिना, तीन वर्ष, एक हप्ता, एक महिना, पल, क्षण, जन्म दिन
- सन्तान - छोरा, छोरी
- काम - जागिर

- महिला - स्मृति, अमरकेती, आमा, छोरी, श्रीमती
- मानिस - महिला, छोरा, छोरी, श्रीमती, लोग्ने, पुरुष, बालबालिका, केटाकेटी, छोराछोरी, सानो बाबु, ठूलो बाबु, स्मृति, विजय, निशान्त
- मन - अन्तरमन
- कोठा - एकान्त कोठा, अँध्यारो कोठा, मन बहलाउने कोठा
- जुनी - लाखौँ जुनी, जुनी-जुनी, एकै जुनी = जम्मा १० वटा

यसअनुसार 'तस्वीर' कथामा खाना, अनुहार, दिन, सन्तान, काम, महिला, मानिस, मन, कोठा, जुनी, गरी कुल बाह्रवटा समावेशी शब्दहरूको प्रयोग गरिएको पाइन्छ जसले आफू मातहत विभिन्न शब्दहरूलाई समावेशित गरेका छन् । यसबाट कथामा प्रस्तुत व्यक्ति, विषय, प्राणी, वस्तु वा भावका बीच संसक्ति संयोजन कायम भएको देखिन्छ । समावेशी - समावेश्य शब्दबाट एउटै विषय क्षेत्रका विविध शब्दहरूको समन्वय कायम भई प्रस्तुत कथा थप संसक्तिका दृष्टिकोणले उपयुक्त बन्न पुगेको देखिन्छ ।

- **अङ्गी-अङ्ग**

सङ्कथनमा प्रस्तुत पूर्णवाची र अंशवाची शब्दका बीचको सम्बन्धलाई अङ्गी-अङ्ग भनिन्छ । सङ्कथनमा  सन्दर्भ वा प्रसङ्गअनुसार अङ्गी-अङ्ग सम्बन्ध कायम भएको हुन्छ । वस्तुतः यसमा मूल वर्ग वा वर्गान्तरिक र तिनका भागमा बीचको सम्बन्ध कायम हुन्छ । 'तस्वीर' कथामा अङ्गी-अङ्ग शब्दहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

- कोठा-  सोफा, बत्ती, कुर्सी, टेबुल, टिभी
- दिन - बिहान, रात
- बजार - गल्ली

- जागिर - पैंसा
- स्मृति - आँखा, हात, मुख, पाखुरा
- सानोबाबु - अनुहार, आँखा, ललाट, हात
- आमा - छाती
- छोरी - हात
- अमरकेती - हात, मुख, आँखा, कान, काँध, मुटु, स्तन
- विजय - पाउ
- ठूलोबाबु - खुट्टा
- बाबा - हात
- समय - वर्ष, महिना, हप्ता, दिन, पल क्षण । = जम्माजम्मी १३ वटा

यसअनुसार 'तस्वीर' कथामा कोठा, दिन, बजार, जागिर, स्मृति, सानोबाबु, आमा, छोरी, अमरकेती, विजय, ठूलोबाबु, बाबा, समय गरी कुल १४ वटा अङ्गी शब्दको प्रयोग गरिएको पाइन्छ । जसका विभिन्न अङ्ग शब्दहरूको प्रयोग गरिएको देखिन्छ । 'तस्वीर' कथामा प्रयुक्त अङ्गी-अङ्ग शब्दहरूले प्रस्तुत व्यक्ति, वस्तु, प्राणी वा विषयका बीच पूर्ण-अंशको सम्बन्ध कायम गरेका छन् । जसबाट प्रस्तुत विषयवस्तुका बीच संसक्ति सृजना भई कथा थप सम्बद्ध बन्न पुगेको देखिन्छ ।

समग्रतः 'तस्वीर' कथामा प्रयुक्त पुनरुक्ति संसक्तिको स्थितिलाई निम्नानुसार देखाउन सकिन्छ :

तालिका ६

*'तस्वीर' कथामा प्रयुक्त पुनरुक्ति संसक्तिको समग्र स्थिति*

| पुनरुक्ति | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पुनरावृत्ति | ४१२ | ८७.१०% |
| पर्यायवाची | २२ | ४.६५% |
| विपरीतार्थी | १६ | ३.३८% |
| समावेशी-समावेश्य | १० | २.११% |
| अङ्गी-अङ्ग | १३ | २.७५% |
| जम्मा | ४७३ | १००% |

यसप्रकार 'तस्वीर' कथामा पुनरावृत्ति कोशीय संसक्तिको प्रयोग अन्यका तुलनामा अत्यधिक अर्थात् ८७.१०% रहेको पाइन्छ भने पर्यायवाची, विपरीतार्थी, अङ्गी-अङ्ग, समावेशी-समावेश्यको प्रयोग क्रमशः ४.६५%, ३.३८%, २.११% र २.७५% रहेको देखिन्छ ।

(आ) **सन्निधान**

सङ्कथनमा प्रयुक्त कोशीय एकाइका बीचको सहचर्यात्मक सम्बन्ध नै सन्निधान हो । यसले सङ्कथनमा एकैपटक वा साथसाथै प्रयोगमा आउने एकाइका बीचको सन्निकटता दर्साउँछ । यसअन्तर्गत आउने एकाइहरू एउटै विषय क्षेत्र वा परिवेशसम्बद्ध हुन्छन् । 'तस्वीर' कथामा प्रयुक्त सन्निधान सम्बन्धयुक्त शब्द र तिनका सम्बन्धित शब्दहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- भान्सा- भात (अ. ५)
- नाक - सास (अ. ६)
- उदाउने सूर्य - बिहानी (अ. ८)

- आँखा - आँसु (अ. १८)
- मुटु - ढुकढुक (अ. ३१) । = जम्माजम्मी ५ वटा

यसप्रकार ‘तस्वीर’ कथामा जम्माजम्मी ५ वटा शब्दको निकटस्थ शब्दसँग सन्निध्य सम्बन्ध कायम रहेको देखिन्छ । सन्निधानात्मक रूपमा रहेका उल्लिखित शबदहरू एउटै विषय, वस्तु वा क्षेत्रसम्बद्ध भई प्रयुक्त देखिन्छन् र ती मूलतः वाक्यान्तरिक रूपमा नै प्रयोग भएका छन् । प्रस्तुत कथामा प्रयुक्त सन्निकट सम्बन्धयुक्त शब्दहरूबाट कथागत विषय प्रसङ्गका बीच परस्परमा सान्निध्यता कायम भई कथालाई थप सम्बद्ध तुल्याउन मद्दत पुगेको देखिन्छ ।

समग्रतः तस्वीर कथामा प्रयुक्त कोशीय संसक्तिको स्थितिलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

तालिका ७

*‘तस्वीर’ कथामा प्रयुक्त कोशीय संसक्तिको समग्र स्थिति*

| कोशीय संसक्ति | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पुनरुक्ति | ४७३ | ९८.९५% |
| सन्निधान | ५ | १.०५% |
| जम्मा | ४७८ | १००% |

यसप्रकार ‘तस्वीर’ कथामा पुनरुक्ति संसक्तिको प्रयोग अत्यधिक अर्थात् ९८.९५% रहेको देखिन्छ भने सन्निधानको प्रयोग १.०५% रहेको देखिन्छ ।

तालिका ८

*'तस्वीर' कथामा प्रयुक्त संसक्तिको समग्र स्थिति*

| संसक्ति प्रारूप | प्रयुक्त सङ्ख्या | प्रतिशत |
|---|---|---|
| व्याकरणिक संसक्ति | ४८८ | ५०.५१% |
| कोशीय संसक्ति | ४७८ | ४९.४८% |
| जम्मा | ९६६ | १००% |

यसप्रकार 'तस्वीर' कथामा व्याकरणिक संसक्तिको प्रयोग कोशीय संसक्तिको तुलनामा बढी अर्थात् ५०.५१% रहेको देखिन्छ भने कोशीय संसक्तिको प्रयोग ४९.४८% रहेको देखिन्छ ।

## 'तस्वीर' कथा निर्माणमा संसक्तिको भूमिका

प्रायोगिक भाषाविज्ञानका विविध नवीनतम शाखाअन्तर्गत सङ्कथन विश्लेषणलाई लिइन्छ । सङ्कथन विश्लेषणको युक्तिका रूपमा संसक्तिलाई लिने गरिन्छ । संसक्तिमा वाक्यभन्दा माथिल्ला भाषिक एकाइको संरचनात्मक पक्षको अध्ययन गरिन्छ । अर्को शब्दमा वाक्य वा वाक्यभन्दा माथिल्लो भाषिक एकाइहरूका बीच अन्तरसम्बन्ध जनाउन आउने सार्वनामिक, कालिक, स्थानिक आदि भाषिक तत्त्वलाई संसक्ति भनिन्छ । संसक्तिले पाठलाई व्यकरण सम्मत, मानक, स्तरीयता निर्धारण, कोशीय एकाइको आवृत्तिलाई हटाउने, कथन वा पाठसँग मिल्दा शब्द चयन गर्ने, साङ्कथनिक भाषिक एकाइका बीचको विरोधी सम्बन्ध स्थापना गर्ने, कथनको समावेशी र समावेश्य सम्बन्ध हेर्ने कार्य गर्दछ । त्यस्तै कुनै शब्दको अर्को शब्दसँग सान्निध्य सम्बन्ध हेर्ने, अङ्गी-अङ्ग सम्बन्ध हेर्ने कार्य गर्दछ । अर्थात् संसक्तिले वाक्यलाई संरचनात्मक रूपमा जोड्ने सिक्री, संरचक, गम, सङ्गालोको कार्य गर्दछ ।

पाठमा व्याकरणिक र कोशीय संसक्तिको प्रयोग उपयुक्त किसिमले नभएमा एक वाक्यको सम्बन्ध अर्को वाक्यसँग नहुने, समग्र पाठ नै बोधगम्य र सम्प्रेषणीय हुँदैन । अर्थात् सङ्कथन/पाठ सुसंरचित हुन सक्दैन । प्रस्तुत 'तस्वीर' कथामा व्याकरणिक र कोशीय संसक्तिको प्रयोग गरिएको देखिन्छ । जसअन्तर्गत व्याकरणिक अन्तर्गत सार्वनामिक सन्दर्भक, दर्शकवाचक सन्दर्भक, तुलनात्मक सन्दर्भक, प्रतिस्थापन, लोप, विपरीतार्थी, योगात्मक, कारणातमक र कालिक संयोजकको प्रयोग गरिएको देखिन्छ । त्यस्तै कोशीय संसक्तिमा पुनरुक्ति (पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशी-समावेश्य, अङ्गी-अङ्ग) र सन्निधानको प्रयोग गरिएको देखिन्छ ।

व्याकरणिक संसक्तिले वाक्य वा वाक्यभन्दा माथिल्ला वा 'तस्वीर' कथा संरचनात्मक दृष्टिकोणले मानक, स्तरीय बनाएको छ । त्यस्तै यसले पाठमा प्रयुक्त वाक्यलाई संयोजन गर्ने वा जोड्ने कार्य गरेको छ । सन्दर्भनले पाठमा प्रयुक्त पद, पदावली, उपवाक्य, वाक्यको पुनरावृत्तिलाई रोकी साङ्कथनिक सन्दर्भन जनाएको छ । पाठमा पूर्व वा पश्च रूपमा आई यिनले व्यक्ति, वस्तु वा विषयलाई सन्दर्भित गर्ने कार्य गरेको छ । पुरुषवाचक सन्दर्भकले पाठमा प्रयुक्त पूर्ववर्ती विषय सन्दर्भलाई पश्चवर्ती विषय सन्दर्भसँग जोड्ने कार्य गर्दछ । त्यस्तै दर्शकवाचक सन्दर्भक, तुलनात्मक सन्दर्भकले क्रमशः कथालाई थप संसक्त बनाउनमा सहयोग गर्नु, दुई व्यक्ति, विषय वा गुणलाई तुलना गरी पूर्ववर्ती विषय सन्दर्भसँग पश्चवर्ती विषय सन्दर्भलाई निर्देशित तुल्याउने कार्य गरेको देखिन्छ । त्यस्तै प्रतिस्थापनले वाक्यमा कहिले नामको प्रतिस्थापन, कहिले क्रियाको प्रतिस्थापन, कहिले उपवाक्यको प्रतिस्थापन गरी पाठलाई थप व्याकरणिक दृष्टिकोणले सम्बद्ध तुल्याएको देखिन्छ । लोप संसक्तिले कतै नामिक लोप, कतै क्रियात्मक लोप र कतै उपवाक्यात्मक लोप भई अनावश्यक आवृत्तिलाई कम गरी पाठलाई सुसंगठित गरेको देखिन्छ । संयोजनअन्तर्गत

पाठलाई योगात्मक रूपमा, विपरीतार्थी रूपमा, कारणात्मक र कालिक रूपमा संयोजन गरी पूर्व प्रसङ्गलाई पश्च प्रसङ्गसँग जोडेर पाठ थप बोधगम्य र सम्प्रेषणीय बनेको देखिन्छ ।

कोशीय संसक्तिअन्तर्गत पुनरुक्ति र सन्निधान पर्ने गर्दछन् । पुनरुक्तिमा पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशी-समावेशी, अङ्गी-अङ्ग पर्दछन् । प्रस्तुत कथामा सबै कोशीय संसक्तिको प्रयोग गरिएको पाइन्छ । पुनरावृत्तिले समान कोशीय एकाइको आवृत्तिलाई सङ्केत गर्छ जसले पाठलाई आन्तरिक सम्बन्ध स्थापनार्थ सहयोग पुऱ्याएको छ । कथामा पर्यायवाची शब्दहरूको वाक्यान्तरिक एवम् वाक्येत्तर रूपमा र अनुच्छेदान्तरिक एवम् अन्तरअनुच्छेदीय रूपमा प्रयोग भई पाठ बोध गर्ने कार्यमा सहजता सिर्जना गरेको छ । जसले कथामा अर्थगत सम्बन्ध स्थापना गरेको देखिन्छ । कथामा प्रयुक्त विपरीतार्थी शब्दहरूले पूवर्ती विचार वा भावलाई पश्चवर्ती विचार वा भावसँग संयोजन गर्ने कार्य गरेको देखिन्छ । जसले गर्दा कथा थप संसक्त बनेको छ । त्यसैगरी समावेशी समावेश्य शब्दहरूले आफू मातहत विभिन्न शब्दहरूलाई समावेशित गरेका छन् । यसबाट कथामा प्रस्तुत व्यक्ति, विषय, प्राणी, वस्तु वा भावका बीच संसक्ति संयोजन कायम भएको देखिन्छ । अङ्गी-अङ्ग शब्दहरूले मूल वर्ग र तिनका भागका बीचको सम्बन्ध कायम गर्ने गर्दछ । यी शब्दहरूले कथामा प्रस्तुत व्यक्ति, वस्तु, प्राणीका बीच पूर्ण-अंश सम्बन्ध कायम गरेका छन् । सन्निधान शब्दहरूले कथामा परस्परमा सन्निकट सम्बन्ध राख्ने शब्दहरूको प्रयोग भई कथा संरचनाका दृष्टिकोणले थप संसक्त बनेको देखिन्छ ।

प्रस्तुत कथामा पुनरावृत्तिको सङ्ख्या बढी रहेको देखिन्छ, जसले पाठमा एउटै शब्दको बारम्बार आवृत्ति गरी पठन गर्नुपर्दा पट्यार लाग्दो हुने देखिन्छ । समग्रमा कथामा व्याकरणिक र कोशीय संसक्तिको प्रयोग उपयुक्त नै देखिन्छ । यी माथिका व्याकरणिक र कोशीय संसक्तिको प्रयोगको अवस्थालाई हेर्दा व्याकरणिक संसक्तिलाई कथाकारले आफ्ना

कथामा बढी प्रयोग गर्दा रहेछन् । व्याकरणिक संसक्तिलाई मात्र नियाल्दा पुरुषवाचक सन्दर्भकको प्रयोग बढी भएको देखिन्छ भने कोशीय संसक्तिलाई हेर्दा पुनरावृत्तिको प्रयोग कथाकारले आफ्ना कथामा गर्दा रहेछन् । समग्रतः सङ्कथनमा व्याकरणिक र कोशीय संसक्तिले वाक्य वा वाक्यभन्दा माथिल्ला भाषिक एकाइका बीच जोर्नी, गम, जोडकको कार्य गरी कथालाई बोधगम्य, सम्प्रेषणीय र संरचनात्मक दृष्टिले कथालाई संसक्त बनाउनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

# अध्याय पाँच

# निष्कर्ष र उपादेयता

## निष्कर्ष

''तस्वीर' कथाको सङ्कथन विश्लेषण' शीर्षकमा गरिएको प्रस्तुत अनुसन्धान मूलतः 'तस्वीर' कथामा प्रयुक्त व्याकरणिक संसक्तिको अध्ययन, कोशीय संसक्तिको अध्ययन र सङ्कथन निर्माणमा व्याकरणिक र कोशीय संसक्तिको भूमिकाको अध्ययनमा आधारित रहेको छ । यस अध्ययनबाट तस्वीर कथामा प्रयुक्त व्याकरणिक र कोशीय संसक्तिको अवस्थाबारे विविध तथ्यहरू प्राप्त भएका छन् । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- 'तस्वीर' कथामा संसक्तिका मुख्य प्रकार व्याकरणिक र कोशीय संसक्तिको प्रयोग व्यवहार गरिएको पाइन्छ । जसमध्ये व्याकरणिक संसक्तिअन्तर्गत सन्दर्भन, प्रतिस्थापन, लोप र संयोजन तथा कोशीय संसक्ति अन्तर्गत पुनरुक्ति र सन्निधानको प्रयोग गरिएको देखिन्छ । सङ्कथनको संसक्ति प्रयोगको यो स्थिति ह्यालिडे र हसन (सन् १९७६) द्वारा प्रस्तुत मान्यतासँग मिल्दो देखापर्छ ।
- 'तस्वीर' कथामा सन्दर्भनका रूपमा प्रथम, द्वितीय र तृतीय पुरुष सर्वनामको प्रयोग हुनुका साथै सम्बन्धवाचक विशेषण शब्दहरू (मेरी, उसको, तिम्रो, तिम्री, मेरा, मेरो, उसका) को समेत प्रयोग गरिएको देखिन्छ । सबैभन्दा बढी पुरुषवाचक सन्दर्भन प्रयोग व्यवहार गरिएको छ ।
- कथामा दर्शकवाचक सन्दर्भन पुरुषवाचक सन्दर्भनको तुलनामा कम प्रयोग व्यवहार भएको देखिन्छ । भने तुलनात्मक सन्दर्भनको प्रयोग एकदम न्यून दुईवटा मात्र भएको छ । पुरुषवाचक सन्दर्भन ८८.४१%, दर्शकवाचक सन्दर्भक १०.७२% र तुलनात्मक सन्दर्भक ०.८५% प्रयोग भएको देखिन्छ ।

- कथामा नामिक, क्रियात्मक र उपवाक्यात्मक प्रतिस्थापनको व्यवहार निकै कम भएको छ । जसमा क्रियात्मक र उपवाक्यात्मक प्रतिस्थापनको तुलनामा नामिक प्रतिस्थापन बढी प्रयोग व्यवहार भएको देखिन्छ ।
- कथामा लोपको अवस्थालाई हेर्दा नामिक लोप बढी र क्रियात्मक र उपवाक्यात्मक लोप तुलनात्मक रूपमा निकै कम व्यवहार भएको देखिन्छ ।
- संयोजनको अवस्थालाई दृष्टिगत गर्दा योगात्मक संयोजकको प्रयोग बढी र विपरीतार्थी संयोजक कम प्रयोग व्यवहार भएको छ । जसमा योगात्मक संयोजक ४२.११% र विपरीतार्थी संयोजक ८.१९% रहेको छ भने कालिक संयोजक, कारणात्मक संयोजक क्रमशः ४०.३५%, ९.३६% रहेको देखिन्छ ।
- कोशीय संसक्तिअन्तर्गत पुनरुक्ति संसक्ति सन्निधानका तुलनामा अत्यधिक बढी मात्रामा प्रयोग व्यवहार भएको देखिन्छ । जहाँ पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशी-समावेश्य र अङ्गी-अङ्ग सबै पुनरुक्तिको प्रयोग गरिएको देखिन्छ । जसमा पुनरावृत्ति पुनरुक्ति सबभन्दा बढी ८७.१०% व्यवहृत छ भने सबैभन्दा कम समावेशी- समावेश्य पुनरुक्तिको प्रयोग २.११% भएको देखिन्छ । त्यस्तै पर्यायवाची, विपरीतार्थी र अङ्गी-अङ्गको प्रयोग क्रमशः ४.६५%, ३.३८% र २.७५% व्यवहृत भएको देखिन्छ ।
- कोशीय संसक्ति र व्याकरणिक संसक्तिलाई हेर्दा कोशीय संसक्तिको प्रयोग कम अर्थात् ४९.४८% प्रयोग भएको पाइन्छ भने व्याकरणिक संसक्तिको प्रयोग तुलनात्मक रूपमा बढी अर्थात् ५०.५१% व्यवहृत भएको देखिन्छ । ४८८ व्याकरणिक संसक्ति र ४७८ केशीय सबद्धक गरी कुल ९६६ संसक्तिको प्रयोग गरिएको देखिन्छ ।

- कथामा व्याकरणिक संसक्तिको अवस्था सन्दर्भन सबैभन्दा बढी अर्थात् ४७.७४% प्रयोग भएको देखिन्छ भने संयाजन, विलोपन र प्रतिस्थापन क्रमशः ३५.०४%, ११.८९% र ५.३३% प्रयोग व्यवहार भएको देखिन्छ ।
- कोशीय संसक्तिलाई मात्र  नियाल्दा पुनरुक्ति  निकै बढी अर्थात् ९८.९५% प्रयोग भएको देखिन्छ भने सन्निधानको प्रयोग निकै कम अर्थात् १.०५% व्यवहृत भएको देखिन्छ ।
- कथामा प्रयोग व्यवहार गरिएका व्याकरणिक र कोशीय संसक्तिले पाठलाई सुसंरचित गर्नमा जोडक अर्थात् गमको काम गरेकाले संसक्तिको भूमिका सङ्कथन निर्माणमा महत्त्वपूर्ण रहेको देखिन्छ ।

**उपादेयता**

प्रस्तुत शोधबाट कुन कुन व्यक्ति, समूह आदि लाभान्वित हुन्छन् भन्ने कुरा उपादेयतामा आउने गर्छ । यस शोधले सङ्कथन विश्लेषणका क्षेत्रमा अध्ययन गर्न चाहने सबै व्यक्तिलाई मार्ग निर्देशन गर्नेछ । यस शोधबाट पाठ्यक्रम निर्मातालाई कथा छनोट गर्न र रचनाकार, साहित्यप्रेमी लगायतका व्यक्तिलाई कथाको सङ्कथनको अवस्थाको बारेमा जानकाररत हुनका लागि सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ । समग्रतः प्रस्तुत शोधका उपादेयता निम्नानुसार रहेका छन् :

- 'ऐना' कथा सङ्ग्रहका लेखक (रचनाकार) का लागि आफ्नो कथामा सङ्कथनको अवस्थाको जानकारी प्राप्त गर्नका लागि उपयोगी हुनेछ ।
- सङ्कथनको क्षेत्रमा अध्ययन गर्न चाहने अध्येताका लागि सङ्कथन विश्लेषणको आधार प्रदान गर्नेछ  ।

- पाठ्यक्रम निर्मातालाई कथा छनोट गर्न आधार प्रदान गर्नेछ ।
- माथिल्लो तहसम्ममा अध्ययन, अनुसन्धान गर्न चाहने इच्छुकलाई सहयोग गर्नेछ ।
- सङ्कथन अर्थपूर्ण, एकीकृत र सन्दर्भपरक हुने हुँदा अभिव्यक्तिको समग्रता पहिल्याउन यसले सहयोग गर्दछ ।
- सङ्कथन विश्लेषणले वाक्यभन्दा माथिल्ला घटकहरूको संरचना र वर्गको विश्लेषण गरिने हुनाले सान्दर्भिक वाक्यहरू निर्माण गर्न सहयोग पुऱ्याउँछ ।
- सङ्कथन विश्लेषणले पाठक वर्गको बोध र अभिव्यक्ति क्षमता उजागर गर्न सहयोग गर्दछ ।
- समालोचकहरूलाई पाठ तथा कृतिमा प्रयुक्त सङ्कथनगत युक्ति ठम्याई समालोचना गर्ने कार्यमा यसले सहयोग गर्दछ ।

## भावी अनुसन्धानका लागि सम्भाव्य शीर्षकहरू

'तस्वीर' कथाको सङ्कथन विश्लेषणसम्बद्ध यस अनुसन्धानका आधारमा सङ्कथन विश्लेषणका क्षेत्रमा  थप अध्ययन-अनुसन्धान गर्न चाहने शोधार्थी वा अनुसन्धाताका लागि निम्नलिखित शीर्षकहरू अध्ययनीय शीर्षकका रूपमा प्रस्ताव गरिएको छ :

- 'तस्वीर' कथाको संयुक्तिको अध्ययन
- 'तस्वीर' कथाको आलोचनात्मक सङ्कथन विश्लेषण
- 'तस्वीर' कथामा प्रकरणार्थ
- 'ऐना' कथासङ्ग्रहको सङ्कथन विश्लेषण

# सन्दर्भ सामग्रीसूची

अधिकारी, हेमाङ्गराज (२०६७), *सामाजिक तथा प्रायोगिक भाषाविज्ञान* (पाँचौं संस्करण), काठमाडौं : रत्न पुस्तक भण्डार ।

कार्की, संगीता (२०७४), *सबिती उपन्यासको सङ्कथन विश्लेषण,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

गौतम, देवीप्रसाद र अन्य (२०६९), *सामान्य भाषाविज्ञान,* काठमाडौं : पिनाकल पब्लिकेसन ।

घिमिरे, वासुदेव (२०६९), *सङ्कथन विश्लेषण : परिचय र पद्धति,* काठमाडौं : इन्टेलेक्चुअल्ज बुक प्यालेस ।

जोशी, रामलाल (२०७३), *ऐना,* काठमाडौं : बुक-हिल पब्लिकेसन ।

जैसी, कृष्णप्रसाद (२०६४), *तिन घुम्ती उपन्यासको सङ्कथन विश्लेषण,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद (२०६८), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स ।

तिवारी, सीता (२०७४), *राष्ट्रियताको ज्योति हुलाकघर निबन्धको सङ्कथन विश्लेषण,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पोखेल, गोकुल (२०६८), *एकान्त कथाको सङ्कथन विश्लेषण,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू,* काठमाडौँ : हेरिटेज पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्स ।

पौडेल, माधवप्रसाद र पोखेल, गोकुल (२०७१), *सङ्कथन विश्लेषण : सिद्धान्त र प्रयोग,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

बन्धु, चूडामणि (२०६५), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भट्ट, दिपकराज (२०७२), *कुकर्मले सीमा नाघेपछि कथाको सङ्कथन विश्लेषण,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्ट, दिपेशप्रसाद (२०७१), *भलादमी निबन्धको सङ्कथन विश्लेषण,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्ट, धनेश्वरी (२०७२), *आषाढको पन्ध्र निबन्धको सङ्कथन विश्लेषण,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्टराई, कृष्णप्रसाद (२०६९), *परालको आगो कथाको सङ्कथन विश्लेषण,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्टराई, गोविन्दप्रसाद (२०६५), सङ्कथन विश्लेषणको प्रारम्भिक आधार, *सम्प्रेषण,* अङ्क ४, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्टराई, गोविन्दराज (२०६२), 'सङ्कथन विश्लेषण : एक प्रारम्भिक परिचय', *सम्प्रेषण* अङ्क २, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भुसाल, केशव (२०६९), सङ्कथन विश्लेषण : संसक्ति र संयुक्ति, *सम्प्रेषण,* अङ्क ७, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भुसाल, केशव (२०७५), *माध्यमिक तहका नेपाली आख्यानात्मक विधाको सङ्कथन,* (अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध), शिक्षाशास्त्र सङ्काय, डीनको कार्यालय, त्रि.वि., कीर्तिपुर ।

रेग्मी, गीता (२०७१), *श्वेतभैरवी कथाको सङ्कथन विश्लेषण,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

लम्साल, रामचन्द्र र अन्य (२०६३), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

लामिछाने, यादवप्रकाश (२०७०), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, ढाकादेवी (२०७०), *मधुमालतीको कथा कथाको सङ्कथन विश्लेषण,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।